का.जि.प्र.का.द.नं. १००/०५९/६०

१४ असार २०८२,

शनिबार

28 June, 2025

Saturday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक १४६ । पृष्ठ ८ — Madhyanha National Daily — www.madhyanhadaily.com

# एसईई नतिजामा सुधार

## जस लिने हतारोमा प्रधानमन्त्री



यस वर्ष ६१.८१ प्रतिशत परीक्षार्थीले ग्रेड प्राप्त गर्नुभएको छ । गत वर्ष ४७.८६ प्रतिशत परीक्षार्थीले मात्र ग्रेड प्राप्त गर्नुभएको थियो । बितेको वर्षमा नतिजा सुधार गर्न हामीले गरेको मिहिनेत काम लागेको छ ।

■ **केपी शर्मा ओली**
**प्रधानमन्त्री**



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १३ असार ।

माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजामा सुधार आएको छ । गत वर्षको तुलनामा सुधार आएको विवरणसहित राष्ट्रिय परीक्षा बोर्डले परीक्षाफल सार्वजनिक गरेको छ ।

सार्वजनिक नतिजाअनुसार, एसईईमा सहभागी परीक्षार्थीमध्ये एक लाख ६७ हजार ५९७ जना नन ग्रेडेड छन् । कुल परीक्षार्थीमध्ये दुई लाख ७१ हजार २९९ जना मात्रै उत्तीर्ण भएका हुन् ।

अर्थात, ६१.८१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । गत वर्ष ४७ दशमलव ८६ प्रतिशतमात्रै विद्यार्थी उत्तीर्ण भएकोमा यसवर्ष बढेर ६१.८१ पुगेको हो । नतिजाअनुसार गत वर्षभन्दा यस वर्ष १३.९५ प्रतिशतले एसईईको नतिजामा सुधार आएको छ ।

नतिजा आएपछि प्रधानमन्त्री केपी शर्मा ओलीले खुसी प्रकट गरेका छन् । एसईई परीक्षा उत्तीर्ण हुनेहरूलाई उनले बधाई पनि दिएका छन् ।

एसईई उत्तीर्ण हुने परीक्षार्थीलाई सामाजिक सञ्जालमार्फत् बधाई दिएका प्रधानमन्त्रीले नतिजामा सुधार भएको भनेर जस पनि लिएका छन् ।

'यस वर्ष करिब ६१.८१ प्रतिशत परीक्षार्थीले ग्रेड प्राप्त गर्नुभएको छ । गत वर्ष ४७.८६ प्रतिशत परीक्षार्थीले मात्र ग्रेड प्राप्त गर्नुभएको थियो,' प्रधानमन्त्रीले लेखेका छन्, '...बितेको वर्षमा नतिजा सुधार गर्न हामीले गरेको मिहिनेतले काम लागेको छ ।'

राष्ट्रिय परीक्षा बोर्डका अनुसार २०८१ सालको एसईई परीक्षामा नियमिततर्फ सहभागी चार लाख ३८ हजार ८९६ परीक्षार्थीमध्ये ३.६ जीपीएदेखि ४ जीपीएसम्म ल्याउने ४८ हजार १७७ जना रहेका छन । ३.२ जीपीएदेखि ३.६ जीपीए ल्याउने ८१ हजार ३८५ जना र २.८ जीपीएदेखि ३.२ जीपीए ल्याउने ८९ हजार १२४ जना पृष्ठ २ मा

### गणितमा धेरै फेल

राष्ट्रिय परीक्षा बोर्डले सार्वजनिक गरेको नतिजाअनुसार धेरै विद्यार्थी गणितमा कमजोर देखिएका छन् ।

गणित विषयमा १ लाख २८ हजार २१५ विद्यार्थी ननग्रेडेड भएका छन् । यो कुल परीक्षार्थीमध्ये सबैभन्दा ठूलो अनुपात हो ।

अंग्रेजीमा ८० हजार ६७२, विज्ञान प्रविधिमा ७९ हजार २७१ ननग्रेडेड भएका छन् । नेपाली थ्योरीमा ५४ हजार ७३५, सामाजिक अध्ययनमा ५३ हजार १८६ ननग्रेडेड भएका छन् । अर्थशास्त्रमा ४२ हजार १५० र अप्सनल म्याथमा १८ हजार २२२ जना विद्यार्थी अनुत्तीर्ण भएका छन् ।

१२६ जना परीक्षार्थीको परीक्षा रद्द गरिएको पनि बोर्डका अध्यक्ष डा. महाश्रम शर्माले जानकारी दिए ।

### २९ साउनदेखि मौका परीक्षा

एसईईमा ननग्रेड भएका विद्यार्थीहरूले मौका परीक्षा दिन पाउने छन् । साउनको २९ गतेदेखि मौका परीक्षा दिन पाउने भएका हुन् । परीक्षा बोर्डले यस वर्षको एसईईको नतिजा सार्वजनिक गर्दै ननग्रेडेड विद्यार्थीहरूले २९ साउनदेखि मौका परीक्षा दिन पाउने जनाएको हो ।

राष्ट्रिय परीक्षा बोर्डलेले शुक्रबार एसईईको नतिजा सार्वजनिक गरेको हो । सार्वजनिक नतिजाअनुसार ६१.८१ प्रतिशत ग्रेडेड भएका छन् ।

सरकार छाड्दै जसपा नेपाल

# ढुक्क सत्तापक्ष



उहाँहरू मन्त्रीमण्डलमा सहभागी होइन, सरकार पक्षको बेन्चमा बस्नुभएको मात्रै हो, समर्थन फिर्ता लिँदैमा केही असर गर्छ भन्ने लाग्दैन ।

■ **महेश बर्तौला**
**मुख्य सचेतक,**
**नेकपा एमाले**



भ्रष्टाचार नियन्त्रण, सुशासनको प्रत्याभूति, संविधान संशोधन, आर्थिक अवस्थामा सुधार लगायतका कार्यहरूमा सरकार असफल भएको निष्कर्षसहित समर्थन फिर्ता लिने निर्णयमा पुग्यौं ।

■ **मनिष सुमन**
**प्रवक्ता, जसपा नेपाल**



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १३ असार ।

उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल लुम्बिनी प्रदेश सरकारबाट बाहिरिएको छ । पार्टीको कार्यकारिणी समितिले सबै तहको सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरे लगत्तै जसपा नेपाल लुम्बिनी प्रदेश सरकारबाट बाहिरिएको हो ।

एकवर्ष अघि संसदका २ ठूला दल कांग्रेस र एमाले मिलेर बनाएको सरकारलाई स्थिरताका लागी साथ दिने भन्दै समर्थन गरेको सो दलले शुक्रबार लुम्बिनी प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिँदै अभियान थालेको हो ।

त्यहाँ जसपाका ३ सांसद छन् । एमाले र कांग्रेसको सरकारसँग क्रमश २९ र २७ गरी ५६ सांसद कायमै छन् । प्रदेश सभामा कुल ८७ सीट रहेको छ । जसपाका ३ सांसद घटेपनि सरकार पूर्ण बहुमतमा छ । प्रदेशबाट थालेको सरकारको समर्थन फिर्ता अभियान संघीय सरकारसम्म आउने जसपाका नेताहरूले बताए । 'वर्तमान सरकारले जनताका अपेक्षा पूरा गर्न सकेन', जसपा नेपालका प्रवक्ता मनिष सुमनले भने, 'भ्रष्टाचार र कुशासनको बाटोनै राजिरह्यो त्यसैले हामीले सरकारलाई दिएको सकर्थन फिर्ता लिने निर्णय नै गरेर अघि बढेका छौं ।'

गत मंगलबार पार्टीले घोषणा गरेअनुसार केपी शर्मा ओली नेतृत्वको संघीय सरकारलाई दिएको समर्थन फिर्ता लिने तयारीमा रहेको नेताहरूले जनाएका छन् । सोही अनुसार लुम्बिनीमा मुख्यमन्त्री चेतनारायण आचार्य पृष्ठ २ मा

# ७० वर्षपछि संशोधन हुँदै प्रहरी ऐन



**निमिष झा/मध्यान्ह**
काठमाडौं, १३ असार ।

नेपाल प्रहरीको ७० वर्ष पुरानो ऐनलाई विस्थापित गरिने भएको छ । सरकारले ल्याएको र संसदमा विचाराधीन

> नयाँ विधेयकले नेपाल प्रहरीको अवकास पाउने उमेर हदसमेत परिवर्तन गरेको छ । जसअनुसार प्रहरी महानिरीक्षकको उमेर हद ५८ बाट ६० वर्ष पुऱ्याइएको छ भने पदावधि ३ वर्ष कायम गरिएको छ ।

नेपाल प्रहरीसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गनै बनेको नयाँ विधेयकमा नेपाल प्रहरीमा कायम रहेको ३० वर्षे सेवा अवधिलाई हटाइएको छ ।

१५ माघ २०८१ मा गृहमन्त्री रमेश लेखकले विधेयक प्रतिनिधि सभामा दर्ता गराएका थिए । विधेयक दर्ता भएको साढे ६ महिनापछि प्रतिनिधि सभा अन्तर्गतको राज्यव्यवस्था तथा सुशासन समितिमा बल्ल छलफल भएको छ । यही असार भित्रमा प्रहरी विधेयक पारित गर्ने गृहमन्त्री लेखकले बताएका छन ।

नेपाल प्रहरी ऐन २०१२ सालमा बनेको थियो । त्यसको ७० वर्षपछि नयाँ ऐन आउन लागेको हो । २०७० सालमा सर्वोच्च अदालतले प्रहरीको बढुवा, सेवाका अरु शर्तहरूलगायत विषयलाई व्यवस्थित गर्न नयाँ ऐन ल्याउन सरकारलाई आदेश दिएको थियो ।

विधेयकमा भनिएको छ, 'सार्वजनिक शान्ति प्रवर्द्धन, अपराधको रोकथाम र अनुसन्धान गर्न तथा अपराधको नियन्त्रण गरी शान्ति सुरक्षा एवं सुव्यवस्था कायम गर्न प्रहरी सेवाको गठन, सञ्चालन तथा सेवाको शर्तसम्बन्धी व्यवस्थालाई समसामयिक बनाई आवश्यक व्यवस्था गर्न प्रस्तुत विधेयक पेस गर्नु परेको हो ।'

विधेयकमा कसूर र सजाय, मुद्दाको अनुसन्धान र दायरी, प्रहरी विशेष अदालत तथा बिदासहितको व्यवस्था समावेश गरिएको छ । नेपालको संविधानले परिकल्पना गरेबमोजिम प्रहरी सङ्गठनलाई प्रादेशिक क्षेत्राधिकार तथा प्रदेश प्रहरीसम्म विस्तार सहितको संवैधानिक मर्म अनुकूल हुनेगरी व्यवस्था गर्न तथा प्रहरीका सम्बन्धमा विश्वका अन्य देशहरूले अपनाएका असल अभ्यास अनुकरण गरी सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन ऐन आवश्यक रहेको गृह मन्त्रालयले जनाएको छ ।

मुलुकमा शान्ति, सुरक्षा कायम गरी अमनचयन हासिल गर्न नेपाल प्रहरीसम्बन्धी ऐनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सङ्घीय संसद्मा पेस गर्नुपरेको गृह मन्त्रालयको भनाइ छ ।

#### उमेर हद परिवर्तन

विधेयकले नेपाल प्रहरीको अवकास पाउने उमेर हदसमेत परिवर्तन गरेको छ । विधेयक अनुसार प्रहरी महानिरीक्षकको उमेर हद ५८ बाट ६० वर्ष पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### रोजगारीका लागि प्रविधि प्रयोग गर्न सक्ने सीपयुक्त जनशक्ति तयार गर्नुपर्छ : श्रममन्त्री

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ असार ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले रोजगारीका लागि प्रविधिको प्रयोग गर्न सक्ने सीपयुक्त दक्षजनशक्ति तयार गर्नुपर्ने बताएका छन् । शुक्रबार मन्त्रालयमा आयोजित स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, वैदेशिक रोजगार बोर्ड र हेल्भेटास नेपालबीच सम्झदारी पत्र हस्ताक्षर कार्यक्रममा बोल्दै मन्त्री भण्डारीले विश्वको बदलिँदो परिवेशमा प्रविधि प्रयोगको ज्ञान, सीप र क्षमता भएका दक्षशक्ति उत्पादन गर्न सके रोजगारीको लागि धेरै चिन्ता गर्नु नपर्ने बताएका हुन् ।

मन्त्री भण्डारीले अब श्रमको बारेमा अध्ययनको आवश्यकता रहेको विषयमा जोड दिँदै काठमाडौं विश्वविद्यालयसँगको सहकार्यमा डिप्लोमा इन लेवर स्टडिज कोर्ष सञ्चालन गर्ने गृहकार्य र छलफल अगाडि बढिरहेको बताए ।

उनले सूचनाको अभावमा स्वेदशी होस् वा वैदेशिक रोजगारीका लागि उपलब्ध भएका अवसरहरु पनि सही सदुपयोग गर्न नसकेको अवस्थालाई चिर्नका लागि सूचना पुऱ्याउने निकायहरुलाई सक्षम बनाउनुपर्नेमा जोड दिए ।

मन्त्री भण्डारीले श्रम मन्त्रालयले दिने सबै सेवाहरु एकीकृत रुपमा प्रवाह गर्नका लागि ७५३ स्थानीय तहबाट स्थापना गरिएको रोजगार सेवा केन्द्रमार्फत सूचना प्रवाह गर्ने काम भइरहेको बताए । श्रम मन्त्रालयबाट प्रवाह हुने सबै सेवाहरुलाई डिजिटलाइजेसन गर्ने प्रक्रियामा अगाडि बढिरहेको उनको भनाइ छ ।

उनले श्रम र आप्रावसनको क्षेत्रलाई सर्वसुलभ बनाउन महत्वपूर्ण पृष्ठ २ मा

वैदेशिक रोजगार व्यवसायीको प्रहरीलाई ध्यानाकर्षण

### 'पीडितको नाममा जबरजस्ती सहन सकिँदैन'



**काठमाडौं/मस-** नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समिति सामाखुशीमा आबद्ध वैदेशिक रोजगार व्यवसायीहरूले पीडितको नाममा हुने बलजफ्तीबाट सुरक्षा प्रदान गर्न स्थानीय प्रहरीको ध्यानाकर्षण गराएका छन् ।

शुक्रबार बिहान समितिले आयोजना गरेको 'वैदेशिक रोजगार व्यवसाय र सुरक्षा निकायको भूमिका' विषयक अन्तरक्रियामा त्यस क्षेत्रमा कार्यालय रहेका वैदेशिक रोजगार व्यवसायीले उक्त ध्यानाकर्षण गराएका हुन् ।

समितिका अध्यक्ष हरिबहादुर पाण्डे क्षेत्रीको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेपाल प्रहरीको मानव बेचविखन अनुसन्धान ब्युरोका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक कृष्णप्रसाद पगेनी, महानगरीय प्रहरी वृत्त महाराजगञ्जका प्रहरी नायव उपरीक्षक निराजन थापा र बालाजु प्रहरीका निरीक्षक शरदविक्रम शाहलगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा नेपाल पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com

१४ असार २०८२ शनिबार
28 June 2025, Saturday

# प्रधानमन्त्री ओलीको स्पेन भ्रमण आजदेखि



**काठमाडौं/मस-** संयुक्त राष्ट्रसंघको 'विकासका लागि वित्तसम्बन्धी चौथो अन्तरराष्ट्रिय सम्मेलन'मा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै प्रधानमन्त्री केपी शर्मा ओली आज स्पेन भ्रमणमा जाँदैछन् ।

स्पेनको सेभिल्लामा हुने 'इन्टरनेशनल कन्फरेन्स अन फाइनान्सिङ फर डेभलपमेन्ट अफ युनाइटेड नेशन्स् (एफएफडि-४)' का लागि राष्ट्रसंघका महासचिव एन्टेनियो गुटेरस र स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजको मैत्रीपूर्ण निमन्त्रणमा प्रधानमन्त्री ओलीको भ्रमण हुन लागेको हो ।

विकासका लागि वित्तसम्बन्धी यो सम्मेलनमा विश्वका सबै सरकारका नेताहरू, विश्व र क्षेत्रीय संस्था, वित्तीय र व्यापारिक संस्था, व्यवसायी, नागरिक समाज र संयुक्त राष्ट्र प्रणालीका सम्बन्धित प्रतिनिधिहरु सहभागी हुनेछन् ।

नेपालले अल्पविकसित, साना र टापु मुलुकको आवाज समेतलाई अगुवाइ गर्दै सम्मेलनमा वकालत गर्नेछ। धनी मुलुकले गरिब र साना मुलुकका लागि गरेका लगानी प्रतिबद्धताको कार्यान्वयनका लागि पनि सम्मेलनमा छलफल हुनेछ ।

प्रधानमन्त्री ओलीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमालले सन् २०३० सम्म पूरा गर्नुपर्ने राष्ट्रसंघीय दिगो विकास लक्ष्यका लागि अन्तर्राष्ट्रिय सहयोगलाई बढावा दिन यो मञ्च महत्वपूर्ण भएकाले प्रधानमन्त्री ओलीबाट भ्रमण हुन लागेको बताए । प्रधानमन्त्री ओलीको भ्रमणको तयारीका काम पूरा भएको जनाउँदै परराष्ट्र मन्त्रालयका प्रवक्ता लोबहादुर पौडेल क्षेत्रीले विश्वस्तरको वित्तीय संरचनामा सुधार गर्दै दिगो विकासका लागि तत्काल र दीर्घकालका लागि आवश्यक सहयोग र लगानीको चुनौतीमा सम्मेलन केन्द्रित रहने बताए । प्रवक्ता क्षेत्रीले दिगो विकास, विकासका लागि वित्त र खासगरी विकास सहायता, लगानी, प्रविधि हस्तान्तरणलगायत मुद्दामा विकसित मुलुक र विकासशील एवं कम विकसित मुलुकबीचको सर्वाधिक महत्वको सम्मेलन भएकाले त्यहीअनुरूप उच्च प्राथमिकता र उच्चस्तरीय सहभागिता महत्वपूर्ण हुने जनाए ।

नेपालले हाल अल्पविकसित मुलुकहरुको अन्तर्राष्ट्रिय समन्वयको अध्यक्षता गरिरहेको अवस्थामा नेपालको छुट्टै भूमिका हुनेसमेत बनाए ।

भ्रमणका अवसरमा प्रधानमन्त्री ओलीले सम्मेलनलाई सम्बोधन गर्नेछन् । प्रधानमन्त्री ओलीले स्पेनका राजा फिलिप द्वितीयसँग शिष्टाचार भेट र स्पेनका समकक्षी सान्चेजसँग भेटवार्ता गर्नेछन् भने विश्वका अन्य मुलुकका नेताहरुसँग 'साइडलाइन' भेटवार्ता गर्नेछन् ।

यही असार १६ गतेदेखि १९ गतेसम्म हुने सम्मेलनका लागि प्रधानमन्त्री ओली आज साँझ ६ बजे कतारको दोहा हुँदै मेड्रिड जानेछन् भने यही असार २० गते शुक्रबार साँझ ४:४५ बजे फर्कने तालिका छ। नेपालबाट हुन लागेको यो उच्चस्तरको भ्रमणले नेपालमा विकसित मुलुकबाट हुने लगानी वृद्धिका साथै स्पेनलगायत युरोपली मुलुकका पर्यटक आकर्षणमा योगदान दिने विश्वास गरिएको छ ।

कूल २१ सदस्यीय भ्रमण दलमा प्रथम महिला राधिका शाक्य, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राई, अर्थ मन्त्रालयका सचिव घनश्याम उपाध्याय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव राजकुमार श्रेष्ठ, प्रधानमन्त्रीका प्रमुख स्वीकय सचिव राजेश बज्राचार्य, प्रधानमन्त्रीका निजी चिकित्सक डा स्मृति शाक्य, परराष्ट्र मन्त्रालयका सहसचिव कृष्णप्रसाद ढकाल, अर्थ मन्त्रालयका सहसचिव धनीराम शर्मा, परराष्ट्र मन्त्रालयका शिष्टाचार महापाल कुमारराज खरेलगायत सहभागी हुनेछन् । काठमाडौंबाट २१, स्पेन र न्युयोर्कबाट आठ गरी २९ जना नेपाली प्रतिनिधिमण्डल हुने बताइएको छ ।

भ्रमण दलमा स्पेनका लागि नेपाली राजदूत शनिल नेपाल, संयुक्त राष्ट्रसंघका लागि नेपालको स्थायी नियोगका स्थायी प्रतिनिधि लोकबहादुर थापालगायत सहभागी हुनेछन् ।

# 'अध्यक्ष नेपालविरुद्धको मुद्दा राजनीतिक आग्रह प्रेरित'



**काठमाडौं/मस-** नेकपा एकीकृत समाजवादीले अध्यक्ष माधवकुमार नेपालविरुद्ध पतञ्जली जग्गा प्रकरणबारे अख्तियार दुरुपयोग अनुसन्धान आयोगले चलाएको मुद्दा अस्वाभाविक र राजनीतिक आग्रह प्रेरित रहेको ठहर गरेको छ ।

शुक्रबार पार्टी केन्द्रीय कार्यालय आलोकनगरमा बसेको सचिवालय बैठकले यस्तो ठहर गरेको पार्टी सचिव सोमप्रसाद पाण्डेले बताएका हुन् ।

बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै उनले अध्यक्ष नेपालमाथि लगाइएको मुद्दा कानुनी नभई राजनीतिक हो भन्ने निष्कर्षमा पार्टी पुगेको जानकारी दिए । उनले पतञ्जली प्रकरणमा अध्यक्ष नेपालमाथि नभई पतञ्जलीमाथि छानबिन हुन आवश्यक रहेको पनि बताए ।

उनले भने, 'अख्तियारले अध्यक्ष माधवकुमार नेपाललाई जुन मुद्दा लगाएको छ र त्यसको प्रतिरक्षा कसरी भइरहेको छ भन्ने विषयमा नेताहरुलाई जानकारी गराउने काम भयो । यसपछि के गर्ने विषयमा पनि हामीले छलफल गर्यौं। हामी के निष्कर्षमा पुगेका छौं भने यो कानूनीभन्दा पनि राजनीतिक मुद्दा हो भन्ने कुरामा पुगेका छौं । अध्यक्ष नेपालमाथि जुन मुद्दा लगाइएको छ त्यो कानूनी मुद्दा होइन । अख्तियारले नै २०६९ सालमा यो मुद्दालाई तामेलीमा राखेको छ । बरु के भनेको छ भने मन्त्रिपरिषद्ले जुन पतञ्जलीलाई जग्गा किनबेच दियो ।

# बैंकिङ कसुर मुद्दामा फरार जैसवाल पक्राउ



**काठमाडौं/मस-** बैंकिङ कसुर मुद्दामा फरार रहेका राधा मोहन प्रसाद जैसवाललाई प्रहरीले बिहीबार काठमाडौंको सिनामंगलबाट पक्राउ गरेको छ।

गौशाला प्रहरी वृत्तका अनुसार रौतहटको माधव नारायण नगरपालिका-१ का स्थायी बासिन्दा जैसवाल बिहीबार दिउँसो बाटोमा हिँडिरहेका अवस्थामा फेला परेका हुन् । विशेष निगरानी तथा गोप्य सूचनाका आधारमा उनी पक्राउमा परेको प्रहरी नायव उपरीक्षक (डीएसपी) सुकदेव खनालले जानकारी दिए ।

उनीविरुद्ध काठमाडौं जिल्ला अदालतबाट बैंकिङ कसुरसम्बन्धी मुद्दामा पक्राउ अनुमति जारी भएको थियो । फरार रहेका कारण विदेश भाग्न सक्ने जोखिम औंल्याउँदै प्रहरी वृत्त गौशालाअन्तर्गतको अपराध अनुसन्धान तथा कारबाही शाखाले राहदानी विवरण माग गर्दै राहदानी विभागसँग पत्राचार समेत गरेको थियो ।

पक्राउ परेका जैसवाललाई आवश्यक अनुसन्धानपछि अदालतमा पेश गर्ने तयारी भइरहेको प्रहरीले जनाएको छ ।

## एसईई...

परीक्षार्थी रहेका छन् । त्यसैगरी २.४ जीपीएदेखि २.८ जीपीएसम्म ल्याउने ४८ हजार ४७९ जना, २ जीपीएदेखि २.४ जीपीए ल्याउने चार हजार १२६ जना र १.६ देखि २ जीपीए ल्याउने आठ जना परीक्षार्थी रहेका छन्।

## सरकार...

नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिईएको जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले बताए । कांग्रेस-नेकपा एमाले नेतृत्वको वर्तमान गठबन्धनको औचित्य समाप्त भएको भन्दै आफ्नो दलले समर्थन दिएर गल्ती गरेको यादवको भनाई छ। 'हाम्रो कार्यकारिणी समितिको बैठकले संसदीय दललाई निर्देशन दिएको हो', उनले भने 'अहिलेसम्म भएको छैन, अब चाँडै संसदीय दलको बैठक बसेर निर्णय गर्छौं। हामीले भनिसक्यौं यो सरकारलाई हाम्रो समर्थन अब छैन।' सरकार गठन हुँदाको वाचा एक वर्षसम्म पनि केही पूरा गर्न नसकेको यादवको आरोप छ । जसपा नेपालले ओली सरकारलाई समर्थन गरेको भए पनि सरकारमा भने सहभागी छैन ।

पार्टी केन्द्रीय समितिको बैठकले सरकार पूर्णतः असफल रहेको निष्कर्ष निकाल्दै कार्यकारिणी समितिको बैठकले सरकारलाई दिएको समर्थनबारे पुनर्विचार गर्न संसदीय दललाई निर्देशन दिएको थियो। तर, सरकारबाट हटेको जसपा संघीय सरकारमा कायमै छ ।

प्रवक्ता सुमनले भने 'ओली नेतृत्वमा रहेको वर्तमान सरकार देशमा भ्रष्टाचार नियन्त्रण, सुशासनको प्रत्याभूति, संविधान संशोधन, आर्थिक अवस्थामा सुधार लगायतका कार्यहरूमा पूर्णतः असफल भएको निश्कर्ष निकालेको छ। सोही निर्णय अनुसार लुम्बिनीबाट सरकालाई दिएको समर्थन फिर्ता गर्न थालेको हौं ।'

नेपाली कांग्रेस र नेकपा एमाले मिलेर ३० असार २०८१ कमा बनाएर गठबन्धन सरकारलाई समर्थन गरेको जसपाले सरकारको समर्थन फिर्ता गरेपनि सरकार कुनै अप्ठ्यारोमा नपर्ने कानूनका जानकारहरू बताउँछन् । प्रतिनिधि सभामा २ तिहाइ बहुमतनजिक रहेको ओली नेतृत्वको सरकार राष्ट्रियसभामा भने अल्पमतमा पर्ने देखिएको छ । राष्ट्रियसभामा बहुमत गुमाएपनि सरकार स्पष्ट बहुमत कायमै रहेकाले पूनः विश्वासको मत लिनुपर्ने अवस्था नरहेको अधिवक्ता कीर्तिनाथ शर्मा पौडेलले बताए। 'वर्तमान सरकारलाई जसपाले समर्थन फिर्ता गर्दैमा केही असर गर्दैन', पौडेलले मध्यान्हसँग भने 'सरकारसँग करिव २ तिहाई बहुँमत रहेकै अवस्थामा ५ सिट भएको जसपा नेपालले सरकारलाई दिएको समर्थन फिर्ता लिदैमा कुनै असर पर्दै न र सरकारले फेरि विश्वासको मत पनि लिनुपर्नेए अवस्था आउँदैन ।'

पहिलो दल कांग्रेसले समर्थन गरेको एमाले नेतृत्वको वर्तमान सरकारसँग उपेन्द्र याददव नेतृत्वको जसपाले समर्थन फिर्ता लिएपनि कांग्रेसको ८८, एमालेको ७८, अशोक राई नेतृत्वको जसपाका ७ र लोसपाका ४ गरी १ सय ७७ सीट कायम रहन्छ । उपेन्द्रसँग प्रतिनिधि सभामा ५ र राष्ट्रियसभामा ३ सिट मात्रै छ ।

दुई ठुला पार्टी मिलेर बनेको सरकारले मुलुकलाई गति दिन र जनतालाई डेलिभरी दिन नसकेको जसपाको आरोप छ। सरकारलाई समर्थन गरे पनिजसपा संघ प्रदेशका कुनै पनि सरकारमा मन्त्री हुन गएको छैन् । प्रधानमन्त्री केपी शर्मा ओलीले कांग्रेस, एमाले, जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टीसहितको सहभागीतामा एकै पटक २२ सदस्यीय मन्त्रिपरिषद्को गठन गरेका थिए । जसमा कांग्रेसबाट १०, एमालेबाट ८, जसपा नेपालबाट २ र लोसपाबाट एक जना मन्त्री छन् ।

जसपा नेपालले सर्मथन फिर्ता लिए संघीय सरकारलाई राष्ट्रिय सभाबाट विधेयक पास गर्न समेत अप्ठ्यारो पर्छ । प्रतिनिधि सभामा पनि दुई तिहाइ गुम्छ। तथापि, यसकारण प्रधानमन्त्री केपी शर्मा ओली मौन छन् ।

राष्ट्रिय सभामा असर

जसपाले सरकारलाई दिएको समर्थन फिर्ता लिनेभएपछि प्रतिनिधि सभामा बहुमत रहेको सरकारपक्ष राष्ट्रिय सभामा अल्पमतमा पर्ने भएको छ। ५९ सदस्यीय राष्ट्रिय सभामा कांग्रेसका १६, एमालेका १०, जसपा नेपालका ३ र लोसपाका १ गरी बहुमतका लागि पर्याप्त थियो । तर, जसपाले साथ छाडेमा राष्ट्रपतिबाट मनोनीत सांसद अञ्जान शाक्य र वामदेव गौतमले साथ दिएपनि बहुमत पुग्दैन। बहुमतका लागि ३० सांसद आवश्यक पर्छ तर प्रधानमन्त्री केपी ओलीसँग पछिल्लो समय रुष्ट बनेका गौतमसहित २९ मात्रै पुग्छ ।

विपक्षीसँग माओवादीको १७, एकीकृत समाजवादीका ८, राष्ट्रिय जनमोर्चाका १ गरी २६ हुन्छ। आगामी फागुन २० गते १८ सांसदको कार्यकाल सकिँदैछ । त्यसपछि हुने निर्वाचनबाट आफूहरुको पक्षमा पर्याप्त बहुमत हुने कांग्रेस-एमालेको बुझाइ छ। सत्ताको प्रमुख सहयात्री दल नेपाली कांग्रेसका प्रमुख सचेतक श्याम घिमिरेले उपेन्द्रले समर्थन फिर्ता लिँदैमा सरकारलाई केही फरक नपर्ने बताए ।

प्रदेश तथा संघीय सरकारलाई दिएको समर्थन फिर्ता लिने जसपा नेपालको निर्णयले सत्तापक्षलाई कुनै समस्या नहुँने नेताहरूले बताएका छन् । सरकारले ल्याएको भूमि अध्यादेश पारित गर्ने विषयम मधेश सरकारको मुख्यमन्त्रीदेखि संघमा मन्त्रीको बार्गेनिङ गरेका उपेन्द्रले सरकारमा जान नपाएपछि समर्थन फिर्ता गर्न लागेको कांग्रेस-एमालेका नेताहरूले दाबी गरेका थिए । एमालेका मुख्य सचेतक महेश बर्तौला जसपा नेपालले आफ्नो लाभहानी मात्रै हेरेर काम गरिरहेको आरोप लगाए ।

'उहाँहरू मन्त्रिमण्डलमा सहभागी होइन्, सरकार पक्षको बेन्चमा बस्नुभएका मात्रै हो', बर्तौलाले भने 'उहाँहरूले समर्थन फिर्ता लिँदैमा केही असर गर्छ भन्ने लाग्दैन । राष्ट्रियसभामा उहाँहरू नहुँदा अल्पमत त हुन्छ, तर विधेयकहरू प्रक्रियाअनुसार नै पारित भइहाल्छ । अध्यादेशहरूसँग सम्बन्धित विषय भए फरक पर्ने हो।' सरकारलाई समर्थन गरेको छु भनेपनि विगतमा हरेक पटक अफ्ठेरो पार्ने, गौंडो ढुकेर लाभहानी मात्रै हेर्ने काम गरिरहेको उनको दाबी छ ।

तर, जसपाका नेताहरूले त्यसको खण्डन गर्दै आएका छन् । उपेन्द्र यादवले साथ नदिएपछि सरकारले ल्याएको भूमि अध्यादेश निष्क्रिय भएको थियो । जसपा नेपालका महासचिव लालबहादुर राउतले आफूहरूले सत्तापक्षसँग कुनै बार्गेनिङ नगरेको दाबी गरे । उनले भने 'हामीले दुई दलका सात बुँदे सहमतिलाई हेरेर बाहिरै बसेर समर्थन गरेका थियौं । त्यो अनुसारको काम गरेन भन्ने निष्कर्ष निकालेर समर्थन फिर्ता लिनुपर्ने निष्कर्षमा पुगेका हौं ।'

## ७० वर्षपछि...

पुऱ्याइएको छ भने पदावधि ३ वर्ष कायम गरिएको छ। यस्तै प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) तथा प्रहरी नायब महानिरीक्षक (डिआइजी)को उमेर हद ५६ बाट ५९ वर्ष पुऱ्याइएको छ । प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) र प्रहरी उपरीक्षक (एसपी)को उमेर हद ५५ बाट ५८ वर्ष पुऱ्याइएको छ। प्रस्तावित विधेयक अनुसार प्रहरी निरीक्षक (इन्स्पेक्टर) पदका लागि आवेदन दिन सकिने उमेरसमेत बढाइएको छ । अहिले इन्स्पेक्टर पदका लागि २० देखि २५ वर्ष उमेर तोकिएकोमा नयाँ विधेयकले २१ देखि २७ वर्ष पुऱ्याउने व्यवस्था गरेको छ ।

त्यस्तै असई पदका लागि उमेर हद १८ देखि २४ वर्षबाट बढाएर १८ देखि २५ वर्ष पुऱ्याइएको छ भने प्रहरी जवान पदमा १८ देखि २३ वर्षको उमेर तोकिएको छ। नयाँ विधेयकले प्रहरी सेवाभित्रको पदावधिबाट अवकास पाउने पनि घटाइएको छ ।

अहिले आइजीपीको पदावधि ४ वर्षको सट्टा ३ वर्ष बनाइएको छ । एआइजीको पदावधि ५ बाट ३ वर्ष, एसएसपीको ६ बाट ८ वर्ष र एसपीको १० वर्ष कायम गरिएको छ ।

विधेयकले ३० वर्षे सेवा अवधिको अवकाश प्रावधान हटाएको छ । यसअघि नेपाल प्रहरी नियमावली २०७१ अनुसार आइजिपीको उमेर हद ५८ वर्ष तोकिएको थियो, जुन विधेयकमार्फत ६० वर्ष पुऱ्याइएको छ ।

एआईजी वा डिआइजीको उमेर हद ५६ बाट ५९, एसएसपी वा एसपीको ५५ बाट ५८, डीएसपी र इन्स्पेक्टरको ५४ बाट ५७ वर्ष पुऱ्याउने व्यवस्था विधेयकमा समेटिएको छ ।

प्रहरी वरिष्ठ नायब निरीक्षक वा प्रहरी नायब निरीक्षक ५२ वर्ष, सहायक निरीक्षक ५१, प्रहरी वरिष्ठ हवल्दार, प्रहरी हवल्दार, प्रहरी सहायक हवल्दार वा प्रहरी जवानको ४८ वर्षबाट बढाएर ५१ वर्ष बनाइको छ। यसैगरी समितिमा पुगेको नयाँ विधेयकले नेपाल प्रहरीमा कर्मचारी बढुवा सिफारिस हुँदा दिइने अंकमा हेरफेर गरेको छ। विधेयकमा बढुवा समितिले जम्मा तीन अंक दिने प्रावधान ल्याउन पाउने व्यवस्था गरेको छ। यसअघि प्रहरी नियमावली २०७१ मा बढुवा समितिले ७.५ अंक दिने व्यवस्था थियो ।

यसैगरी कार्य सम्पादन मूल्यांकन बापत ४० अंकबाट बढाएर ५० अंक बनाउने प्रस्ताव गरिएको छ । विधेयकमा ज्येष्ठताको पनि २२ अंकबाट २७ अंक बनाइने भएको छ। यसअघि शैक्षिक योग्यता बापत पहिले १० अंक थियो । विधेयकमा भने तीन वटा तहमा वर्गीकरण गरिएको छ। राजपत्र अनङ्कितको लागि ५ अंक, राजपत्राङ्कित द्वितीय र तृतीय श्रेणी र प्रथम र विशिष्ट श्रेणीका लागि ८ अंक दिने प्रस्ताव छ । पहिले तालिम बापत ७.५ अंक दिइँदै आएको थियो । नयाँ विधेयकले अनङ्कितका लागि १० र बाँकी तहका लागि ८-८ अंक दिने प्रस्ताव गरेको छ। चुनौतीपूर्ण वा विशेष जिम्मेवारीबापत दिइने अंकमा भने कुनै हेरफेर गरिएको छैन ।

बैठकमा सहभागी नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहालले संघीय प्रहरी ऐन सम्बन्धी विधेयकमाथि गहिरो छलफल आवश्यक रहेको सुझाव दिए ।

उनले आफू प्रधानमन्त्री हुँदा पनि प्रहरी ऐन विधेयकका विषयमा लामो छलफल भएको चर्चा गरे ।

'सैद्धान्तिक र नीतिगत विषय लामो समयदेखि छलफल हुँदै आएका हुन् । म सरकारको नेतृत्वमा हुँदा पनि प्रहरी विधेयकमा छलफल हुने र अगाडि बढाउने प्रयास गरेको थिएँ,' उनले भने । अहिले पेश भएको प्रहरीमा ऐनमा ३० वर्षे सेवा अवधिलाई हटाएर पदावधिलाई जोड दिइएको छ । उमेर हद र पदावधि अनुसार प्रहरीमा तल्लोदेखि माथिल्लो दर्जासम्म अवकाशको प्रावधान राखिएको छ।'

गृहमन्त्री रमेश लेखकले प्रहरी सेवालाई नेपालको संविधान, प्रचलित कानुन, विधिको शासन तथा मानव अधिकारप्रति प्रतिबद्ध गराई उत्तरदायी, र जवाफदेही बनाउने उद्देश्यले सरकारले 'नेपाल प्रहरीसम्बन्धी कानुनलाई संशोधन तथा एकीकृत गर्न बनेको विधेयक' ल्याएको बताए ।

विधेयक माथिको सैद्धान्तिक छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उनले प्रहरीको काम, कर्तव्य र अधिकार, सेवाको गठन, प्रशासन र सञ्चालन, प्रहरी महानिरीक्षकको नियुक्ति र काम, नेपाल प्रहरी सेवाको पदपूर्ति, सरुवा र काज, बढुवा, तलब, भत्ता तथा अन्य सुविधा, अवकाश, उपदान तथा निवृत्तिभरण, आचरण र विभागीय सजाय तथा पुनरावेदन समावेश गरिएको बताए । गृह मन्त्रालयअन्तर्गतका निकायमको नितिगत, कानूनी र संरचनागत सुधारलाई प्राथमिकताका साथ अगाडि बढाइएको मन्त्री लेखकको भनाइ छ ।

यस्तै, नेपाली कांग्रेसका सांसद हृदयराम थानीले राजनीतिक हस्तक्षेपले नेपाल प्रहरीको 'चेन अफ कमाण्ड' प्रभावित भएको टिप्पणी गरे। राजनीतिक हस्तक्षेपकाबिच कमाण्ड एन्ड कन्ट्रोलमा चल्ने प्रहरीले कसरी काम गरिरहेको होला भन्नेमा गृहमन्त्रीसहित सबैको ध्यान जानुपर्नेमा उनले जोड दिए । विगतमा प्रहरी नेतृत्वमा गरिएका विवादास्पद निर्णयहरूको उल्लेख गर्दै सांसद थानीले ती कदमले प्रहरी संगठनको 'चेन अफ कमाण्ड'लाई नै कमजोर बनाएको बताए ।

## रोजगारीका...

भूमिका खेल्ने स्विट्जरल्याण्ड सरकार र स्वीस कन्ट्र्याक्टलाई सहयोगका लागि आभार प्रकट गरे । उनले अगामी दिनमा पनि निरन्तर सहयोगका लागि आह्वान समेत गरे ।

मन्त्री भण्डारीले नेपालमा पहिलो पटक राष्ट्रिय आप्रवासन नीति करिब करिब टुंगिने अवस्थामा पुगेको जानकारी गराउँदै छिट्टै मन्त्रिपरिषदबाट पारित हुने विश्वास व्यक्त गरे।

सो अवसरमा श्रम, रोजगार तथा आप्रवासन सम्बन्धमा क्षमता विकास लागि स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, वैदेशिक रोजगार बोर्ड र हेल्भेटास नेपालबीच त्रिपक्षीय एक सम्झदारी पत्रमा हस्ताक्षर भएको छ ।

श्रम सचिव डा. कृष्णहरि पुष्करले तालिम र सीपको बीचमा तादाम्यता नहुने, आवश्यकता र तालिमको बीचमा पनि तादाम्यता नहुने, एकै व्यक्तिले धेरै तालिम लिएको अवस्थामा यसलाई व्यवस्थापन गर्नका लागि यस त्रिपक्षीय सम्झदारीले सहयोग गर्ने विश्वास व्यक्त गरे । उनले तीन वटै संस्थाले एक अर्कालाई सहयोग, सहकार्य र प्रशंसा गर्दै श्रम आप्रवासनको कामलाई उच्चस्तरमा पुऱ्याउने आशा लिएको बताए ।

## वैदेशिक...

वैदेशिक रोजगार व्यवसायी संघका द्वितीय उपाध्यक्ष देवकुमार खोखाली, एकता समितिका उपाध्यक्ष तारानाथ अर्याल, उपाध्यक्ष हरिश कुँवर, सल्लाहकार नरेन्द्रप्रसाद ढकालगायतका वैदेशिक रोजगार व्यवसायीले सरकारले वैदेशिक रोजगारमा शून्य लागतको निर्णय गरेपनि त्यसमा व्यवसायीले असहमति जनाएको अवस्थामा त्यसको कार्यान्वयनमा जबरजस्ती गरेर व्यवसायीलाई दबाब दिनु न्यायोचित नभएको बताए ।

स्वेच्छाले वैदेशिक रोजगारमा गएका कामदार घरायसी वा अन्य कारणले विदेशको कानुनी व्यवस्था नबुझी तत्काल उद्धार गर्नुपर्नेलगायतका विषयमा दबाब दिँदै उनीहरूले व्यवसायीका कार्यालयमा अनधिकृत युट्युबर, पीडित तथा उद्धार संघ जस्ता असम्बन्धित पक्षको प्रवेशले असुरक्षा सिर्जना गरेकाले त्यसलाई समयमै नियन्त्रणमा लिन आग्रह गरे ।

कार्यक्रममा समितिका अध्यक्ष पाण्डेले सरकारले शून्य लागत भनेको, तर व्यवसायीले सुरुवातदेखि नै असहमति जनाएको अवस्थामा शून्य लागत कार्यान्वयन हुनुपर्छ भनेर अनुचित दबाब दिने र व्यवसायीहरूलाई तर्साउने तथा धम्की दिने प्रवृत्ति रहेको बताए ।

अध्यक्ष पाण्डेले पहिले 'कुन्डले मुन्डले' बढी मात्रामा आउने गरेको र पछि व्यवसायी र प्रशासनको सक्रियतामा उनीहरू लाखापाखा लागेको भएपनि पार्टीका नाममा चन्दा आतंक व्यापक भएकाले दबाबमा आएर चन्दा नदिन व्यवसायीहरूलाई आग्रह गरे । उनले भने, 'जबरजस्ती भए पहिले समितिलाई जानकारी दिनुहोला, हामी के गर्नुपर्छ गर्छौं ।'

उनले कतिपय अवस्थामा व्यवसायी पनि सुध्रिनुपर्ने अवस्था देखिएको भन्दै व्यवसायीले ऐन विपरीत कामदार पठाउन नहुने सुझाव राखे। उनले थपे, 'कामदारले दुःख पाउन् भन्ने नचाहँदा नचाहँदै पनि समस्या देखिने गरेको छ । भिसा प्रक्रिया सुरुवात, बीमालगायतका शीर्षकमा कम्पनीको लगानी भएको अवस्थामा कामदारको मन परिवर्तन भइ समस्या छ । करार अवधिमा पनि भिकाउने दबाब हुन्छ । करार अवधि सकिएपछि नयाँ काममा जोडिएको अवस्थामा समस्यामा परे व्यवसायीमाथि दबाब दिने गरेकाले समस्या छ, यसलाई बुझिदिन प्रहरी प्रशासनलाई आग्रह गर्दछु ।'

अध्यक्ष पाण्डेले व्यवसायीहरूले पनि ऐन विपरीत कामदार पठाउन नहुने सुझाव राखे । उनले सरकारले ऐजेन्ट खारेज गरेपनि केही व्यक्तिले कम्पनीको नक्कली कागजात बनाएर ठगी गर्ने जस्ता गैरजिम्मेवार कार्य गरेको देखिएको भन्दै समयमा नै त्यस्ता विषयमा समितिलाई जानकारी गराउन आग्रह गरे ।

कार्यक्रममा वरिष्ठ प्रहरी उपरीक्षक पगेनीले प्रहरीले व्यवसायीलाई बिनाकारण अनावश्यक दुःख दिन नचाहने भन्दै फौजदारी संहिताअनुसारको ठगी, वैदेशिक रोजगार ठगी र मानव बेचविखन फरक-फरक भएकाले फरक-फरक अनुसन्धान हुने भएकाले त्रसित हुन जरुरी नरहेको बताए ।

उनले रेमिट्यान्सले मुलुकको अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याएकाले व्यवसायी सोहीअनुसार सम्मानित हुनुपर्ने, तर केही व्यवसायीले व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारीमा पठाउने, चर्को रकम असुली गर्ने, एजेन्टले ठूलो अंकमा रकम उठाउने गर्दा समस्या देखिएको भन्दै ती विषयमा सचेत हुन व्यवसायीलाई सुझाव दिए । उनले व्यवसायीको सुरक्षाका लागि प्रहरी प्रतिबद्ध रहेको, तर व्यवसायीले पनि सिर्जना भएको झमेला पेन्डिङमा राख्न नहुने सुझाव दिए ।

प्रहरी नायव उपरीक्षक थापाले म्यानपावर व्यवसायीविरुद्ध धरपकडमा नलाग्ने, तर म्यानपावर कम्पनीविरुद्ध उजुरी परेको अवस्थामा मेलमिलापका लागि छलफलसम्म गराउने गरेको बताए । उनले युरोपमा श्रम सक्कली, भिसा नक्कली हुने तथा ऐजेन्ट परिचालनले समस्या सिर्जना गरेको जस्ता समस्या देखिएको भन्दै समस्या आउँदैछ भनेर व्यवसायीले थाहा पाए आलटाल नगरी तत्कालै समस्याको समाधान गर्नुपर्ने सुझाव दिए । उनले समस्या भए लिपिबद्धरूपमा सम्बन्धित निकायमा जान व्यवसायीलाई आग्रह गरे ।

उनले भने, 'कामदारको भविष्य व्यवसायीको हातमा छ, ओभरटाइम जस्ता विषयमा व्यवसायी इमानदार हुनुपर्ने छ । झमेला पेन्डिङ नराख्नुहोला । व्यवसायी भन्दा श्रमिक समस्यामा रहेको भन्ने सामाजिक बुझाइलाई व्यवसायीले बुझ्नुपर्छ ।'

संघका उपाध्यक्ष देवकुमार खोखालीले व्यवसायीले कामदार ठग्छन्, दुःख दिन्छन् भन्ने दृष्टिकोण परिवर्तन गरेर व्यवसायीका समस्या हेरिदिन प्रहरीलाई आग्रह गरे । खोखालीले प्रहरी वैदेशिक रोजगारीमा संलग्न हुने व्यवस्था नभएको भएपनि शान्ति सुरक्षा कायम राख्नुपर्ने जिम्मेवारीमा रहेकाले संवेदनशील हुनुपर्नेमा जोड दिए । हाल नेपाल सरकारले इजरायल र दक्षिण कोरिया दुई वटा देशमा कामदार पठाउने, ट्राभल्स एजेन्सी, होटल सञ्चालक र व्यक्तिले वैदेशिक रोजगारीमा कामदार पठाउने गरेको, तर समस्या आए सञ्चारमाध्यममा म्यानपावर खराब भनेर बदनाम हुने गरेको भन्दै विदेशमा धर्म, संस्कृति, भाषा तथा काम नजानेर वा घरपरिवारको याद आउने 'होमसिक' भएर आउन दबाब दिने र त्यसमा संघसंस्था र युट्युबर जोडिँदा समस्या भएकाले त्यसमा प्रशासनले ध्यान दिन जरुरी रहेको उनको भनाइ थियो । उनले भने, 'हामी काम गर्ने हौं । काम गर्नेलाई हतोत्साहित गर्नु भएन ।'

समिति उपाध्यक्ष तारानाथ अर्यालले समस्यामा परेको कामदार भन्दा कामदारका नाता, एनजिओ, युट्युबर र तेस्रोले समस्या सिर्जना गर्ने गरेको र अन्य पक्षले कमजोरी गर्दापनि आक्रमणको निशानमा व्यवसायी पर्ने गरेको भन्दै तेस्रो पक्षको अतिरञ्जना गर्ने प्रवृत्तिलाई सुरक्षा निकायले सुक्ष्मरूपमा हेरिदिन आग्रह गरे ।

उपाध्यक्ष हरिश कुँवरले वार्षिक १८ अर्ब रेमिट्यान्स भित्र्याउने वैदेशिक रोजगार व्यवसायलाई तुच्छ नभइ सम्मानित पेशाका रूपमा लिनुपर्ने बताए । 'कतिपय अवस्थामा रोजगारदाता र कामदारको सम्बन्ध राम्रो नहुँदा पनि समस्या हुने गरेको छ । त्यसमा व्यवसायीमाथि अनावश्यक दबाब दिन हुँदैन,' उनले भने ।

समितिका सल्लाहकार नरेन्द्रप्रसाद ढकालले कानुन हातमा लिएर सामाजिक अभियन्ताका नाममा त्रास फैलाउने गरिएको भन्दै त्यसलाई रोक्न माग गरे । व्यवसायीले वैधानिकरूपमा मात्रै कामदार पठाउने भएकाले समस्या आए त्यसमा समितिलाई समन्वय गर्न आग्रह गरे। उनले अनावश्यक रूपमा ठाडो उजुरी नलिन पनि प्रहरीलाई आग्रह गरे ।

महासचिव मधुकर रिजालले सञ्चालन गरेको कार्यक्रममा समिति सल्लाहकार पदमराज पौडेलसहित सामाखुसी, बसुन्धरा र चक्रपथ क्षेत्रमा कार्यालय रहेका व्यवसायीहरूको सहभागिता रहेको थियो ।

यात्रा संस्मरण

# आँखैबाट नहट्ने पोखरा !

आकाशमा पुगेपछि मन बेग्लै भयो । तल हेर्दा, पोखरा सहर अनि फेवाताल । उत्तरतिर हाँसेको हिमाल । आहा ! स्वर्ग यही नै हो भन्ने लाग्यो । मनको डर पनि हरायो । "अब फेरि कहिले उड्न पाउँला ?" उडिरहँदा मनमा सोंच आयो । तर, पत्तै नपाई २५ मिनेटको समय सकिएछ...



■ सन्दीप पनेरु



कहिल्यै लाग्दैन कि एउटा सानो निर्णय कति धेरै अर्थपूर्ण हुन सक्छ । "यार, पोखरा जाउँ न ?" भनेर सुरजले एक दिन भनेको थियो । म हाँसेको थिएँ, "पुग्ने हो ?" उसले टक्क हेर्‍यो र भन्यो, "यसपालि त पक्का हो ।"

यसरी सुरू भयो हाम्रो पोखराको यात्रा- जहाँ सौन्दर्य, साहस, शान्ति र स्मृतिहरू सबै एकसाथ भेटिए । हामी दुई साथी नुवाकोटबाट निस्कियौं । डाँडाकाँडा पार गर्दै, काठमाडौं हुँदै पोखरासम्मको यात्रा साँच्चै थकाइदायक भए पनि मनभित्र अनौठो जोश थियो ।

**पहिलो दिन**

हामी काठमाडौंबाट पोखरातर्फको बस चढ्यौं । पृथ्वी राजमार्गमा यात्रा गर्नु आफैमा एउटा रोमाञ्च हो- खासगरी जब गण्डकी प्रदेश प्रवेश गरिन्छ । बाटोभरि त्रिशूली, मर्स्याङ्दी र सेती जस्ता नदीहरू हामीसँगै दौडिन्थे । झ्यालबाहिर हेर्दा पानी, पहाड र खेतका दृश्यहरूले थकाइ बिर्साइरहेका थिए । मनमनै सोचेँ– नेपाल साँच्चै सुन्दर छ ।



पोखरा पुगेको समयमा दिउँसोको ३ बजेको थियो । हामीले पहिले नै तालबाराही नजिकै सस्तो तर सफा होटल बुक गरेका थियौं । सामान राखेर होटलको छतमा उक्लियौं- जहाँबाट फेवातालको छायाँमा मुस्काउँदै माछापुच्छ्रे झल्किरहेको थियो । त्यो पहिलो झलक... जीवनभर बिर्सन सकिन्न ।

"डुंगा चढौं है ?" सुरजले उत्साहित स्वरमा भन्यो ।

"अहिले नै !" मैले मुस्कुराउँदै जवाफ दिएँ ।

तालको किनारमा पुग्दा सूर्य पश्चिमतिर झुक्दै थियो । रंगीन डुंगाहरू पानीमा तरङ्गिएर चिप्लिरहेका थिए । हामी पनि एउटा डुंगा लिएर तालको बीचमा पुग्यौं । पानीको छाल, चराहरूको स्वर र तालमा प्रतिबिम्बित हिमाल- त्यो क्षण सायद मैले पहिलो पटक साँच्चिकै 'शान्ति' महसुस गरेँ ।

बाराही मन्दिर पुगेपछि छोटो पूजाआजा गर्‍यौं । वरिपरिका पर्यटकहरू रमाइरहेका थिए, बच्चाहरू माछालाई पिठो खुवाइरहेका थिए । हामी पनि केही समय त्यहाँ बस्यौं ।

साँझपख फेवातालको छेउमा बसेर चिया पियौं । चिसो बताससँगै जीवनका थुप्रै कुराहरू ओर्लिए– पढाइ, संघर्ष, सपना र भोलिको योजना ।

अनि फेरि लाग्यौं, बुक गरेको होटलतर्फ ।

**दोस्रो दिन**

"सूरज, उठ ! ५ बजिसक्यो !" म हतारिँदै उठाएँ ।

"अब तँ सुत् न, सुतेपछि सबै पाइन्छ भन्या होइन ?", ऊ निद्रामा पनि उस्तै ठट्टा गर्दै उठ्यो ।

बिहानको खाजा खायौं, पाउरोटी, अण्डा अनि दुध ।

खाजा खाएसँगै सुरु भयो यात्रा । होटल नजिकैं थियो, सराङकोट जाने जीप । हामीले पहिल्यै नै बुक गरेका थियौं, प्याराग्लाइडिङको टिकटसहितका जीप ।

हामी जिप चढेर सराङकोटतर्फ लाग्यौं । सडक घुमाउरो थियो । उकालो लाग्दै गर्दा मुटुको धड्कन केही तेज भएको थियो । सराङकोट पुग्दा घाम घमाउँदै थियो । हामी बिस्तारै डाँडाको टुप्पामा पुग्यौं । पहिलो पटक, सराङकोट पुग्दाको दृश्य निकै रोमान्चक थियो ।

एक झिल्को उज्यालोले माछापुच्छ्रे र अन्नपूर्ण श्रृङ्खलालाई सुनौला रङले पोतेको थियो । हामी भाग्यमानी पनि भएर होला, कतै कुहिरोको बाछिटोसमेत थिएन ।

"कति सुन्दर हो नि !" सुरज भित्रैदेखि बोलेको जस्तो लाग्यो ।

म केही बोल्न सकिनँ । त्यो दृश्यले मलाई गहिरो मौनमा पुर्‍याएको थियो । सायद प्रकृतिले भाषाभन्दा अग्लो कुनै अनुभूतिको माध्यममा हामीलाई छुन्छ ।

> *तालको किनारमा पुग्दा सूर्य पश्चिमतिर झुक्दै थियो । रंगीन डुंगाहरू पानीमा तरङ्गिएर चिप्लिरहेका थिए । हामी पनि एउटा डुंगा लिएर तालको बीचमा पुग्यौं । पानीको छाल, चराहरूको स्वर र तालमा प्रतिबिम्बित हिमाल- त्यो क्षण सायद मैले पहिलो पटक साँच्चिकै 'शान्ति' महसुस गरेँ...*

त्यसपछि, सबैभन्दा प्रतीक्षित अनुभव सुरु भयो– प्याराग्लाइडिङ ।

जीवनको पहिलो अनुभव । केही डर अनि केही उत्साह । अरु उडेको हेर्दा, सामान्य लागे पनि आफू उड्दा डर धेरै हुने ।

तै पनि छिट्टै पालो आइहाल्यो ।

हामीलाई विशेष गियर लगाइयो, प्रशिक्षकले सम्हाले । म अलिक डराएको थिएँ । तर, जति अग्लो उचाइमा पुग्दै गयौं, त्यति नै मन हलुका हुँदै गयो ।

आकाश खुला थियो, तल पोखरा सहर, फेवाताल र टाढा हिमाल । म बाँधिएको थिएँ, तर मन पूरै स्वतन्त्र थियो । पाइलटले हल्का स्पिन गरिदियो– त्यो क्षण हर्ष, डर र आश्चर्यले भरिएको थियो ।

आकाशमा पुगेपछि मन बेग्लै भयो । तल हेर्दा, पोखरा सहर अनि फेवाताल । उत्तरतिर हाँसेको हिमाल । आहा ! स्वर्ग यही नै हो भन्ने लाग्यो । मनको डर पनि हरायो । "अब फेरि कहिले उड्न पाउँला ?" उडिरहँदा मनमा सोंच आयो । तर, पत्तै नपाई २५ मिनेटको समय सकिएछ ।

अवतरित भएपछि केहीबेर चुपचाप बस्यौं । सायद आकाशको त्यो स्वादलाई मनमा झार्दै थियौं ।

**तेस्रो दिन**

अन्तिम दिनको योजना अझै बाँकी थियो । हामी बिहान सबेरै पाताले छाँगो गयौं । त्यहाँ पानीको गर्जन टाढैदेखि सुनिन्थ्यो । सेती खोला पातालतिर समाउँदै झर्दा एउटा अनौठो भय र आकर्षण दुवै लाग्थ्यो । हामी रेलिङ समाउँदै झरनाको किनारमा पुग्यौं ।

"कसरी यस्तो आकृति बनेको होला ?" मैले सोधेँ ।

"प्रकृतिले सबै कुरा बनाउँछ, बाँच्न चाहिने डर पनि", सुरजले हाँस्दै भन्यो ।

छेउमै रहेको गुप्तेश्वर गुफामा पस्यौं । गुफाको भित्ता रसाएका थिए, भित्र निस्किएको धुवाँ र चिसोले मन शान्त भएको थियो । शिवलिङमा तेल अर्पण गर्दै मनमा केही अधुरा कामको सम्झना आइरहेका थिए । गुफाबाट बाहिरिँदा जीवनकै गहिराइ सम्झिएको जस्तो लाग्यो ।

अन्तिम गन्तव्य थियो विश्व शान्ति स्तूपा । हामी केही समय साइकलमा गएर बाँकी उकालो हिँड्यौं । माथि पुग्दा आकाश निलो, सहर सुनसानजस्तै, फेवाताल त त्यहाँबाट अझ सुन्दर देखिन्थ्यो । स्तूपाको सेतो संरचना, त्यहाँका झण्डा फहराउँदा एक किसिमको आध्यात्मिक ऊर्जा महसुस भयो ।

एकछिन उभिएर आँखाले चारैतिर हेर्‍यौं– जसरी जीवनलाई पनि टाढाबाट हेर्नु पर्छ, भावनालाई शान्त राख्न ।

**पोखराबाट निस्कँदा...**

तीन दिन... लामो होइन तर, धेरै गहिरो यात्रा । त्यसबेलाको थकाइभन्दा गहिरो थियो स्मृति । हामी फर्किने दिन बिहान फेवाताल नजिक फेरि गयौं । त्यहाँ उभिँदा लाग्यो, पोखराको सुन्दरता त्यसको दृश्यमा मात्र नभएर, त्यसले हामीभित्र बनाएको अनुभवमा लुकेको छ ।

"फर्किन्छौं नि फेरि ?" मैले भनेँ ।

"फेरि होइन, बारम्बार", सुरजले आँखा झिम्क्याउँदै उत्तर दियो ।

हामी फर्कियौं– तर फर्किएका हामी पहिले जस्ता थिएनौं । अब हामीसँग पोखराको आकाश, पानी, झरना, गुफा, सूर्योदय, अनि ती फुरूङ्ग मनका क्षणहरू थिए, जुन कहिल्यै बिर्सन सकिन्न ।

**पोखराको यात्राले सिकाएका केही कुरा :**

जीवनको गति केही समय रोक्नु राम्रो हुन्छ ।

प्रकृति हाम्रो सबैभन्दा ठूलो चिकित्सक हो ।

साहसिक अनुभवले आत्मविश्वास बढाउँछ ।

मित्रताले हरेक यात्रा अझै स्मरणीय बनाउँछ ।

र, फेवातालमा एकछिन चुपचाप बस्नु पनि 'ध्यान' जत्तिकै लाभदायक हुन्छ ।

लघुकथा

# स्वार्थको खेल



■ प्रह्लाद दवाडी

'जिन्दाबाद, जिन्दाबाद ।' दुई जना केटा रोशन सरको आँगनमा आए ।

'के को जिन्दाबाद ? कसको जिन्दाबाद ?', रोशन सरले अचम्म मान्दै सोधे ।

'अब आउने चुनावको लागि नारा लगाउने तयार गरेको नि' भन्दै पिँढीमा बस्यो धुर्बे ।

'नानी पाउनु कहिले कहिले, कोक्रो बुन्छ अहिले ।'

'हैन सर अब भोट आई हाल्छ रे !', माइलाले उत्तर दियो ।

'तिमेरको जिन्दगी नारा लाएरै बित्ने रहेछ । अबको पाली कसको नारा लगाउने ?', रोशन सरले गम्भीर मुद्रामा सोधे ।

'सर, अब त सबै चिनियो । अब धोखा न खाने विचार गरेका छौं हामीले', धुर्बेले माइलापट्टि फर्किएर मुसुक्क हाँस्यो ।

'हो सर, हाम्रा नेताहरू साह्रै भ्रष्ट भए । भोट अगाडि जिउ जिउ गर्दै आउँछन् भोट जितेपछि हामी गरिब जनताको गन्ती छैन', माइलाले होस्टे मिलायो ।

'सर, सबैले आफ्नै दुनो सोझ्याउँछन् । हामी त हेरेको हेरेकै', धुर्बेले दुःखेसो पोखे ।

रोशन सरले कुण्ठा साम्य गराउन खोजे, 'जमानै त्यस्तै आयो सबै आफ्नो व्यक्तिगत फाइदा मात्र हेर्छन् ।'

> *'पक्का हो सर, भोट बेचेर मासु भातसँग धोका खाँदैनौं । हामी सघाउँछौं, सर भोटमा उठ्नुपर्छ । रोशन सर जिन्दाबाद', धुर्बे जोडले करायो । त्यतिकैमा धुर्बेको मोबाइलमा मेसेज आयो । माइला र धुर्बे दुवै जनाले मेसेज हेरे । 'सर, नरेशले भोज खुवाउँदै रहेछ । हामी काम कुरो बुझेर आउँछौं', भन्दै दुवै जना जन्याक जुरुक्क उठेर हिँडे...*

'सर अब त हामी यो बुढो अनपढ नेताहरूको पछि नलाग्ने । यिनीहरूले देशै बिगारे । अब हामी त सरलाई पो जिन्दाबाद भन्ने ।' माइलाले प्रस्ताव राख्यो ।

रोशन सरले खुसी हुँदै समर्थन गरे, 'हो बल्ल बुद्धि आएछ । हामी सबै जागरूक भएर भोट हालौं, सरकार बदलिन्छ, देश सुध्रिहाल्छ नि । यी बुढा नेतालाई गाली गर्नै पर्दैन ।'

'भोट हाल्ने त हामी जनता आफै हो नि । अब त मर्दा पनि भोट दिँदैनौं भ्रष्टाचारीलाई', धुर्बेले प्रण गर्‍यो ।

'भोटको समयमा एक छाक मासु भात रक्सीमा बिकिहाल्छौ, एउटा पञ्चायत त राम्रो छान्दैनौ के देशको नेताको कुरा गर्छौ ? एकातिर काम अर्को तिर कुरा । तिमीहरूको भर चाहिँ लाग्दैन', रोशन सरले यथार्थ ओकले ।

'सर अब त चेतियो । आफ्नो अधिकार बेचिँदैन', माइलाले कसम खायो ।

'त्यस्तो आत्मघाती काम गरिँदैन अब', धुर्बेले सहमति जनायो ।

'पक्का हो ?'

'पक्का हो सर, भोट बेचेर मासु भातसँग धोका खाँदैनौं । हामी सघाउँछौं, सर भोटमा उठ्नुपर्छ । रोशन सर जिन्दाबाद', धुर्बे जोडले करायो ।

त्यत्तिकैमा धुर्बेको मोबाइलमा मेसेज आयो । माइला र धुर्बे दुवै जनाले मेसेज हेरे ।

'सर, नरेशले भोज खुवाउँदै रहेछ । हामी काम कुरो बुझेर आउँछौं', भन्दै दुवै जना जन्याक जुरुक्क उठेर हिँडे ।

कविता

## इतिहासको समीक्षा



सत्यजीत

हामी जन्मिएका थियौं
मन्त्र जपको संस्कारमा,
जहाँ शंका गर्नु नै पाप ठानिन्थ्यो ।
'ब्रह्माले चार वेद बनाएका' भन्ने पाठ
कण्ठस्थ गरिन्थ्यो-
तर कहिल्यै सोध्न पाइँदैनथ्यो
किन बनाएका त ती वेद ?
कसरी ? कहाँ ? के कारणले ?
प्रश्न- स्वतन्त्रता त्यहाँ निषेधित थियो
जसरी ग्यालिलियोको युगमा
धर्ती गोलो छ भनेर भनिए पनि
पादरीहरू रिसाउँथे !
हामीलाई भनिन्थ्यो-
गायत्री मन्त्रले ब्रह्माण्ड हल्लाउँछ !
तर, जब विज्ञानको दूरबिनले झ्याल खोलेर हेर्‍यो,
हामीले देख्यौं-
हिग्स बोसोन कण !
वस्तुलाई तौल दिने तत्व,
ब्रह्म होइन, ब्रह्मा पनि होइन
तर, भौतिक विज्ञानको गहिरो रहस्य ।
हामीलाई सिकाइन्थ्यो-
'गंगा स्नानले पाप पखालिन्छ !'
तर, लुइ पाश्चरले भने-
ब्याक्टेरिया नुहाएर होइन,
औषधिले मर्छ !
जब प्लेगले गाउँ-सहर भताभुङ्ग पार्थ्यो,
तब कर्मको फल भनेर चुप लाग्नेहरूभन्दा
शल्य चिकित्सक अगाडि थिए-
सेतो एप्रोनमा, रगतले रंगिएका हात लिएर ।
हामीलाई बताइन्थ्यो-
सप्तर्षिले भविष्य देख्छन् !
तर, हब्बल टेलिस्कोपले देखायो-
भविष्य होइन,
खर्बौं प्रकाश वर्ष टाढाको अतीत ।
चन्द्रमामा खाल्डा देख्दा
ग्यालिलियो मुस्कुरायो-
अब तिमीहरूको धर्ती केन्द्रित ब्रह्माण्ड सकियो !
धर्ती 'मायावी माया'ले होइन
गुरुत्वाकर्षणको स्थिर नियमले चलेको हो ।
हामीलाई सुनाइन्थ्यो-
शिवले विष पिएर बने 'महादेव' !
तर डार्विनले भने-
जीवन विकासको शृङ्खला हो,
विषलाई सहन प्राकृतिक छनौटले सम्भव बनायो,
र लाखौं वर्षको संघर्षपछि
हामी यहाँ छौं ।
शिवको त्रिशूलले ब्रह्माण्ड चल्दैन
न्युटनको तीन नियमले चल्दछ !
हामीले सुनेका थियौं-
क्रसमा टाँगिएपछि मानवता मुक्त भयो !
तर, जब इतिहासले फाइल पल्टायो
हामीले देख्यौं
क्रसको नाममा लाखौं जलाइएका नारीहरू
'विच' भनेर जलाइएका बुद्धिहरू ।
कोपर्निकसको गणित जलाइएको थियो-
किनभने त्यो 'गाँड'को सृष्टिभन्दा सशक्त देखिन्थ्यो ।
हामीलाई भनियो-
कुरान अल्लाहले स्वयं पठाए !
तर, जब हामीले पढ्यौं इतिहास
हामीले भेट्टायौं
अल्फ्रेड नोबेलको डायनामाइट,
तर, विज्ञानले त्यसलाई ऊर्जा बनायो
जिहादले भने, त्यसलाई मृत्यु बनायो ।
'७२ हुरका सपना' सुनाइन्थ्यो
तर, हाम्रा वैज्ञानिकहरू '७२ तत्व' खोज्दै थिए
पिरीयडिक टेबलमा !
'धर्ती सात दिनमा बन्यो' भनिन्छ
तर भूगर्भ शास्त्रको भूचालले भन्यो
अर्बौं वर्षको क्रमिक प्रक्रिया थियो यो सृष्टि ।
सृष्टिकर्ता एकै जनाले बनाए भनेर मान्नुभन्दा
हामी लाखौं वर्षका कोशिका-परिवर्तनमा विश्वास गर्छौं ।
अब ?
अब हामी पुज्छौं-
मैडम क्युरीको रेडियोधर्मिता
निकोल टेस्लाको बिजुली
एडिसनको प्रकाश
हकिङ्गको ब्ल्याक होल ।
अब हामी सोध्छौं-
'ओम'को कम्पनले होइन
आइन्स्टाइनको समीकरणले
अणु फुट्छ कि होइन ?
अब हामी विद्रोह गर्छौं
तर मूर्तिमाथि होइन,
अन्धविश्वासमाथि ।
क्रान्ति गर्छौं-
तर जात-धर्मको जात्रामाथि होइन
ज्ञान र विवेकको मशाल लिएर ।
र अन्ततः,
ईश्वर पनि
शायद पहिलो पटक
स्तब्ध हुन्छ ।
आकाशको कुर्सीबाट लरबराउँदै भन्छ-
अब यी मान्छेहरूलाई
म छल्न सक्दिन !
किनकि उनीहरूले मलाई होइन
स्वयं चेतनालाई नै ईश्वर माने ।
अब म तह लगाउन सक्दिन,
किनकि उनीहरू
भौतिकवादी मात्र होइन,
बुद्धिवादी पनि भइसके !
यो हो -
नयाँ युगको संकल्प ।
प्रश्न गर्ने साहस
सत्य खोज्ने विज्ञान
र चेतनाको पूजा !

# बृन्दावनको नगरसभा रोक्न दायर गरिएको रिट खारेज

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, १३ असार

रौतहट वृन्दावन नगरपालिकाको नगरसभा रोक्न उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगञ्जमा दायर भएको रिट खारेज भएको छ।

वृन्दावन नगर उप-प्रमुख संगीता देवी रामले केहीदिन अघि मात्र उच्च अदालतमा नगरसभा स्थगित गर्नका लागि रिट दायर गराएकी थिइन्।




अदालतमा रामले रिट दायर गरेपछि उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगन्जले असार १३ गतेसम्मका लागि नगरसभा स्थगित राख्न अन्तरिम आदेश दिएको थियो । उक्त मुद्दाको पेसी शुक्रबार लागि तोकिएको थियो । नगरसभाको सन्दर्भमा दुवै पक्षको कुरा सुनी निर्णयमा पुग्न उचित हुने देखिएको भन्दै उक्त मुद्दाको पेसी असार १३ गतेका लागि तोकिएको थियो । उक्त मुद्दाको सुनुवाइ गर्दै अदालतले नगरसभा रोक्न नमिल्ने भन्दै दायर गरिएको रिट खारेज गरेको हो।

अदालतको आदेशपछि वृन्दावन नगरपालिकाको नगरसभा रोक्नका लागि भएको अन्तरिम आदेश बदर भएको छ। उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगन्जका न्यायाधीश गोकर्ण डाँगी र नेत्र आचार्यको संयुक्त इजलासले यस्तो आदेश दिएको हो।

अदालतले उपमेयर रामको रिट खारेज गरिदिएपछि अब वृन्दावन नगरपालिकाको नगर अधिवेशन गर्ने बाटो खुल्ला भएको छ। वृन्दावन नगर प्रमुख विनोद प्रसाद कुर्मीले गएको असार १० गते नै आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट ल्याउन नगरसभाको आह्वान गरेका थिए। नगर प्रमुख कुर्मीले नगर अधिवेशनको मिति तोकेपछि उपमेयर रामले नगर अधिवेशन रोक्न पाउनुपर्ने भन्दै उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगञ्जमा रिट दायर गरेकी थिइन्। त्यसकारण वृन्दावन नगरपालिकाले य स वर्ष सरकारले नगर अधिवेशन गर्न तोकेको समय असार १० गते नीति, कार्यक्रम तथा बजेट ल्याउन सकेन।

तर अदालतले नगरसभा स्थगित राख्न दायर गरिएको रिट खारेज गरेपछि अब छिट्टै नगर अधिवेशन आह्वान गर्ने वृन्दावन नगरपालिकाको तयारी छ। असार मसान्त भित्रमै नगर अधिवेशन गरी आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट ल्याउन आफूहरु तयारी थालेको वृन्दावन नगर प्रमुख कुर्मीले बताएका छन्।

# परिवर्तन गाउँपालिकामा १ वर्षमा १ सय बढी बालविवाह

**सूर्य प्रकाश बुढा मगर/मध्यान्ह**
रोल्पा, १३ असार

रोल्पाको परिवर्तन गाउँपालिकामा एक वर्षको अवधिमा १ सय १५ वटा बालविवाह भएको तथ्य सार्वजनिक भएको छ। बिहीबार परिवर्तन गाउँपालिका-३, बागमारामा आयोजित 'बालविवाह, किशोरावस्थामा गर्भधारण र विद्यालय छाड्ने अवस्था' विषयक कार्यशाला कार्यक्रममा उक्त तथ्य सार्वजनिक गरिएको हो। कार्यक्रम परिवर्तन गाउँपालिकाको आयोजना तथा आइपास नेपालको समन्वयमा सम्पन्न भएको थियो।



कार्यक्रममा सार्वजनिक तथ्यांकअनुसार आर्थिक वर्ष २०८१/८२ मा परिवर्तन गाउँपालिकाभित्र २ सय ४२ वटा विवाह भएकामध्ये १ सय १५ वटा विवाह बालविवाह रहेका छन्।

वडागत विवरण अनुसार, वडा नं. १ मा २७ जना, २ मा १३ जना, ३ मा २४ जना, ४ मा २५ जना, ५ मा १५ जना र ६ नं. वडामा ११ जनाको बालविवाह भएको पुष्टि भएको छ।

परिवर्तन गाउँपालिकाका अध्यक्ष सुकबहादुर बुढा मगरले बालविवाह जस्तो सामाजिक समस्याको अन्त्य चुनौतीपूर्ण भए पनि अत्यन्त जरुरी रहेको बताए। 'अन्य कामहरू गर्न सजिलो छ तर यो काम नगरी नहुने हो,' उनले भने।

# लागुऔषधसहित ३ जना पक्राउ

**नविन श्रेष्ठ/मध्यान्ह**
सिन्धुली, १३ असार

सिन्धुलीमा ३ लाख ३८ हजार ४ सय ३ रुपैयाँ बराबरको लागुऔषध ट्रामाडोल र नाइट्राभेटसहित ३ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ।

इलाका प्रहरी कार्यालय भिमानले बर्दिवासबाट काठमाडौंतर्फ जाँदै गरेको इभी भ्यान म.प्र.०४-००१ज०१५५ मा चेक जाँच गर्दा लागुऔषधसहित तीन जनालाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सिन्धुलीले बताएको छ।

उनीहरुको साथबाट नाइट्राभेट-१० दुई हजार ८ सय ८० ट्यावलेटर र ट्रामाडोल २९ हजार ट्याबलेट बरामद गरिएको छ। उक्त ट्यावलेटर र ट्रामाडोलको बजार मूल्य ३ लाख ३८ हजार ४ सय ३ रुपैयाँ हुने जिल्ला प्रहरी कार्यालय सिन्धुलीका प्रमुख प्रहरी उपरीक्षक लालध्वज सुवेदीले जानकारी दिए।

पक्राउ पर्नेमा सर्लाही बरहथवा -७ का विक्रम चौधरी, सिन्धुली फिक्कल-६ का राहुल तामाङ र सिन्धुपाल्चोक ठूलोपाखर-६ का सफल श्रेष्ठ रहेका छन्।




चौधरीलाई भिमानबाट नियन्त्रणमा लिएको हो भने श्रेष्ठ र तामाङलाई काठमाडौंबाट नियन्त्रणमा लिइएको प्रहरी उपरीक्षक सुवेदीले जानकारी दिए।

पक्राउ परेका तीनै जनालाई लागूऔषध (नियन्त्रण) ऐन २०३३ को दफा ४ को (घ),(ङ) र (च) बमोजिमको कसुरमा र सोहि ऐनको दफा १४ (झ) बमोजिम सजाय हुने गरी अनुसन्धान प्रक्रिया अगाडि बढाइएको प्रहरी उपरीक्षक सुवेदीले जानकारी दिए। सिन्धुलीमा यस एक वर्षमा प्रहरीले लागुऔषध खैरो हिरोइन २ सय ३३ ग्राम, गाँजा २ सय ९२ केजी, ट्याव ३३ हजार १ सय २९, झोल पदार्थ ९४ बोतल बरामद गरेको छ। लागुऔषध मुद्दामा यस आर्थिक वर्षमा ४० वटा घटनामा ८१ जनालाई पक्राउ गरी कानुनी कारबाही गरिएको प्रहरी उपरीक्षक सुवेदीले जानकारी दिए।


## सानिमा बैंक लिमिटेडको क्रेडिट कार्ड कर्जा उपभोग गर्ने ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८२/०३/१४ गते)

तपसिलमा उल्लेखित तपाँई ऋणीले यस बैंकबाट लिएको कर्जाको बैंकसँग गरेको सम्झौता बमोजिम बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, किस्ता, हर्जाना ब्याज लगायत अन्य बुझाउनु पर्ने सम्पूर्ण दै दस्तुर आदि रकम नतिरी, नबुझाई बाँकी राखेकाले बैंकबाट बारम्बार मौखिक तथा लिखित तरताकेता गर्दा समेत नबुझाई कर्जा सम्बन्धि शर्त बन्देजहरू उल्लङ्घन गरेको हुँदा सम्पूर्ण बाँकी कर्जा चुक्ता भुक्तान गर्न यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान, फछ्र्यौट गर्न गराउन हुन ऋणी लगायत सबै सम्बद्ध व्यक्तिहरूलाई सूचित गरिन्छ। यस सूचना समेतको वेवास्ता गरी उल्लेखित समयावधि भित्र सम्पूर्ण बाँकी कर्जा लगायत बैंकलाई बुझाउनु पर्ने सम्पूर्ण दै दस्तुर चुक्ता भुक्तान, फछ्र्यौट नगरेमा प्रचलित कानुन तथा बैंकको नियम बमोजिम कर्जा असुलीको आवश्यक कानुनी प्रकृया अगाडि बढाईने ब्यहोरा यसै सूचना मार्फत जानकारी गराउदछौं। साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्नुपर्ने ऋणी तथा अन्य सम्बद्ध सबै पक्षलाई कालो सूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत जानकारी गराउदछौं।

तपसिलः

| क्रेडिट कार्ड लिनेको नाम, थर र ठेगानाः |
|---|
| **शाखा कार्यालय टेकुको ऋणीहरूः** |
| कृष्ण चन्द्र मिश्रको नाती, रमेश कुमार मिश्रको छोरा, धनुषा जिल्ला, जनकपुर गा.वि.स/उ.म.न.पा. वडा नं. ३ बस्ने **रोशन कुमार मिश्र**। |
| मकर धोज खड्काको नाती, फत्त बहादुर खड्काको छोरा, रामेछाप जिल्ला, सुनापति गा.पा. वडा नं. ५ बस्ने **भुवन खड्का**। |
| **शाखा कार्यालय दमकको ऋणीः** |
| कमल नारायण मल्लिकको छोरी, मोहन ढकालको श्रीमती, मोरङ्ग जिल्ला, उर्लाबारी गा.वि.स/न.पा. वडा नं. ६ बस्ने **एकता मल्लिक**। |

सानिमा बैंक
www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com



## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०४/०२ मा दर्ता भएको **प्रा. लि. नं. २१८८३३** को **बाबा मर्मत सेवा प्रा. लि.** को मिति २०८२/०२/१३ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**



## डिभिजन वन कार्यालय, अर्घाखाँची
### शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०३/१४ गते**

यस कार्यालयको आ.व.२०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार वनक्षेत्र भित्रका खोला खोल्सी व्यवस्थापन कार्यक्रम कार्यान्वयनको सिलसिलामा श्री गैडे सामुदायिक वन उपभोक्ता समूह, शितगंगा न.पा.११ अन्तर्गत पर्ने गुडरुङ्ग खोलाबाट नदिजन्य पदार्थ (गिट्टी वा ग्राभेल वा बोल्डर) उत्पादन भई शितगंगा न.पा.११ को गैडे सा.ब.को काठ दाउरा घाटगद्धि गरिएको क्षेत्र तथा गुडरुङ्ग खोला पुर्व बिरपुर जनकल्याण सा.ब.को खाली क्षेत्रमा घाटगद्धि गरिएको १०,४६८ घ.मि. (३,६९,६७४ घ.फि.) गिट्टी वा ग्राभेल वा बोल्डर जे जस्तो अवस्थामा छ, सोही अवस्थामा नियमानुसारको रकम (सकार रकम, संकलन खर्च, मु.अ.कर., अ.आ.कर) दाखिला गरी आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिकि गर्नुपर्ने भएकाले ईच्छुक र योग्यता पुगेका फर्म/संस्था/सप्लायर्स वा कम्पनीहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिन भित्र कार्यालय समयमा यस कार्यालयबाट बोलपत्र खरिद गरी २२ औं दिन दिनको ठिक २:०० बजेसम्म यस कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। विस्तृत सूचना कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ, थप जानकारीका लागि कार्यालय समयमा कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

**डिभिजन वन कार्यालय, अर्घाखाँची, सन्धिखर्क**



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०३/१४**

**आभा शिक्षा सदन काठमाडौं** को मिति २०८२/०२/२५ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **युनिग्लोब प्रिमियर स्कुल काठमाडौं (प्रा.लि. नं.: २०२०८)** कायम गर्ने गरी मिति २०८२/०३/०८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



## डिभिजन वन कार्यालय, अर्घाखाँची
### शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रकाशित मिति २०८२/०३/१४**

यस कार्यालयको आ.व.२०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार वनक्षेत्र भित्रका खोला खोल्सी व्यवस्थापन कार्यक्रम कार्यान्वयनको सिलसिलामा श्री धिरिखोला सामुदायिक वन, शितगंगा न.पा.१३ अन्तर्गत पर्ने भंगला खोलाबाट नदिजन्य पदार्थ (गिट्टी वा ग्राभेल वा बोल्डर) उत्पादन भई शितगंगा न.पा.१३ को भंगला गाँउ पुछार र भंगला छत्तिसेको खाली क्षेत्रमा घाटगद्धि गरिएको ५,३९४ घ.मि. (१,९०,४८८ घ.फि.) गिट्टी वा ग्राभेल वा बोल्डर जे जस्तो अवस्थामा छ, सोही अवस्थामा नियमानुसारको रकम (सकार रकम, संकलन खर्च, मु.अ.कर., अ.आ.कर) दाखिला गरी आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिकि गर्नुपर्ने भएकाले ईच्छुक र योग्यता पुगेका फर्म/संस्था/सप्लायर्स वा कम्पनीहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिन भित्र कार्यालय समयमा यस कार्यालयबाट बोलपत्र खरिद गरी २२ औं दिन दिनको ठिक २:०० बजेसम्म यस कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। विस्तृत सूचना कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ, थप जानकारीका लागि कार्यालय समयमा कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

**डिभिजन वन कार्यालय, अर्घाखाँची, सन्धिखर्क**



## कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०३/१४**

**पेम्बा कृषि फार्म प्रा.लि.** को मिति २०७७/०५/२९ गते सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **भावना कृषि फार्म प्रा. लि. (प्रा.लि. नं. २१९३७२)** र साबिक को **ठेगाना काठमाडौं महानगरपालिका वडा नं ६ लाई परिवर्तित गरि काभ्रेपलान्चोक पाँचखाल नगरपालिका वडा नं ५** कायम गर्ने गरी मिति २०७७/०६/०७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



## SAUDI मा रोजगार

Iwan Human Resources Company Is A Closed Joint Stock Company
पुनः विज्ञापन, पुर्व स्वीकृति मितिः २०८१/११/१५ चलानी नं.: ६०२३३६५४ LT No. 319531

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner General | 25 | साक्षर | 1000 | ३६,५४५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता २०८२ असार २१ गते (5 July, 2025) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौमा हुनेछ।

CHERISH OVERSEASE PVT. LTD.
Samakhusi Town Planning, Kathmandu,Tel: 01-4980414, 4963776
Email : info@cherishovs.com, Website : www.cherishovs.com
Gov. Lic No. 1304/074/075



## रामनगर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
रामनगर, सर्लाही
मधेश प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशन मितिः २०८२/०३/१४**

प्रस्तुत विषयमा यस रामनगर गाउँ कार्यपालिकाको कार्यालयबाट मिति २०८२/०३/०९ गते विद्युतिय माध्यमबाट प्रकाशित सूचना अनुसार वडा नं १ अन्तर्गत जगरनाथ गिरीको घर देखी मनुष्मरा नदी सम्म ग्रेभल तथा ढलान सम्बन्धी निर्माण कार्यको लागि रितपूर्वक दर्ता भई मिति २०८२/०३/०१ गते प्राविधिक प्रस्ताव र मितिः २०८२/०३/०५ गते आर्थिक प्रस्ताव खोलिएका बोलपत्रहरु मध्ये न्यूनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भएका तपशिल बमोजिमका बोलपत्रहरु स्वीकृतीको लागि छनौट गरिएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धी सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स | ठेक्का नं | न्यूनतम मुल्याङ्कित बोलपत्रदाताको नाम | कबोल अंक (मु.अ.कर र पि.एस.समेत) रु. |
|---|---|---|---|
| १ | NCB-Works-RRM-01-2081/082 | Laxmi Construction | ३११४९५१.४ |
| २ | NCB-Works-RRM-01-2081/082 | Bihari Construction | ३२४००३२.४ |
| ३ | NCB-Works-RRM-01-2081/082 | R. D Engineering And Construction Pvt. Ltd. | ३२५२५५८.७ |
| ४ | NCB-Works-RRM-01-2081/082 | Aagaman Nirman Sewa Pvt.Ltd. | ३४९१००२.५ |
| ५ | NCB-Works-RRM-01-2081/082 | Pappu Nirman Sewa | ३५०७६८७.३१ |

**प्रमुख प्रशासकीय अधिकृत**



## सुरुङ्गा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मधुपट्टी, सप्तरी
मधेश प्रदेश, नेपाल

### सुरुङ्गा नगरपालिकाद्वारा जारी स्वास्थ्य सम्बन्धी जानकारीमूलक सन्देश

**१) गर्मीयाममा अपनानुपर्ने कुराहरु**



क) सढेंगलेका बासी खानेकुराहरु नखाऔं।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं।
ग) लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं।
घ) पूरा बाउला भएको कपडा लगाऔं।
ङ) घरवरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं।
च) घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्या ढोकामा जाली लगाऔं।
ङ) समय समयमा स्वास्थ्य परीक्षण गरौं।

**२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरु।**



क) नियमित स्वास्थ्य जाँच गरौं।
ख) पोषणयुक्त खानेकुरा खाऊँ/खुवाऔं।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन/आइरन चक्की खुवाऔं।
घ) गर्ववती महिलालाई ४/६/८ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं।
ङ) प्रसुती हुन अनिवार्य अस्पताल, Birthing Centre वा प्रसुती गृहमा जाऔं।

**३) नवजात शिशुलाई स्याहार कसरी गर्ने**




क) नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टाभित्र आमाको विगौती दुध खुलाऔं।
ख) नवजातशिशुलाई आमाको नाङ्गो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं।
ग) जन्मन साथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नुपर्दछ।
घ) शिशुको नाभी काटिसकेपछि संक्रमणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफा र सुख्खा राखौं।

**४) झाडापखलाबाट बच्न निम्न उपायहरु अपनाऔं।**

क) चर्पीमा मात्र दिसापिसाव गर्ने, बच्चाको दिसादिसाप पनि चर्पीमा नै विर्सजन गरौं।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं।
ग) बासी, काँचो, सढेगलेको खानेकुरा नखाऔं।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं।
ङ) आफ्नो घर, आँगन सफा राखौं।

### दुध किसानले भुक्तानी पाउन सकेनन्

# सरकारको निर्देशनले काम गर्ला ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ असार ।



लामो समयदेखि दुध किसानहरूले दुध बिक्रीबापतको ठूलो भुक्तानी अझैपनि प्राप्त गर्न सकेका छैनन् । सरकारले देशभरका दुध उत्पादक कृषकको करिब तीन अर्ब बक्यौता यही असार मसान्तसम्म उपलब्ध गराउन निर्देशन दिएको छ ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयले डेरी उद्योगको छाता संगठन नेपाल डेरी एसोसिएसनसँग दुध किसानको बक्यौता उपलब्ध गराउने विषयमा छलफल गरी अविलम्ब रकम फच्छ्यौट गर्न निर्देशन दिएको हो ।

निजी क्षेत्रबाट सञ्चालित विभिन्न डेरी उद्योगले लामो समयदेखि किसानले बिक्री गरेको दुधको भुक्तानी नगरेकाले उनीहरू समस्यामा परेका छन् । त्यस कार्यले उत्पादन तथा बजार आपूर्ति प्रभावित हुन सक्ने हुँदा चालु आर्थिक वर्षको असार मसान्तसम्म यथाशीघ्र भुक्तानी गर्नुपर्ने मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिए ।

दैनिक गुणस्तरीय दुध सेवनका लागि जनचेतना जगाउने र पोषणयुक्त दुध तथा दुग्ध पदार्थको उपभोगमा वृद्धि गर्न सबै प्रदेशमा विभिन्न कार्यक्रम सञ्चालन गरेको डेरी एसोसिएसनलाई सरकारले विभिन्न सहुलियत तथा प्रविधिक, रचनात्मक सहयोग उपलब्ध गराउँदै आएको छ ।

दुग्ध विकास संस्थानले गत पुस मसान्तसम्मको किसानको बक्यौताबापत रहेको करिब ९० करोड उपलब्ध गराइसकेको छ भने बाँकी रकम भुक्तानीको प्रक्रिया सुरु गरेको सूचना अधिकारी जोशीले जानकारी दिए । मन्त्रालयले पशु तथा कृषि बीमा, बीउबिजन, मल, कृषि उपकरणमा किसानलाई अनुदानमा सहयोग गर्दै आएको जनाएको छ । विभिन्न किसान संघ संस्थाले समेत दुध किसानको रकम समयमै उपलब्ध गराउन माग गर्दै आएका थिए ।

नेपाल किसान महासंघका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले किसानले उत्पादन गरेका दुधबाट विभिन्न दुधजन्य परिकार बनाएर नाफा कमाउने डेरी उद्योगले किसानलाई तिर्नुपर्ने रकम असुली गर्न सरकारले कडाइ गर्नुपर्ने बताए ।

किसानहरूले दुधको बक्यौता भुक्तानीको लागि लामो समयदेखि विभिन्न तरिकाले दबाब दिँदै आएको भएपनि उद्योगीहरूले भने आलटाल गर्दै आएका छन् । यसपटक फेरि कृषि तथा पशुपंक्षी मन्त्रालयले दिएको निर्देशन उद्योगीले कार्यान्वयन गर्छन् गर्दैनन् हेर्न बाँकी छ ।

# ग्लोबलले मनायो लघु, साना तथा मझौला व्यवसाय दिवस




**काठमाडौं/मस** – ग्लोबल आईएमई बैंक लिमिटेडले अन्तर्राष्ट्रिय लघु, साना तथा मझौला व्यवसाय दिवस मनाएको छ । बैंक आफूले ऋण लगानी गरेका लघु, साना तथा मझौला उद्यमीले उत्पादन गरेका वस्तु बजारीकरणमा सहजीकरण गर्ने उद्देश्यले ग्लोबल हाटबजार सञ्चालनमा ल्याएको थियो ।

बैंकले शुक्रबार अन्तर्राष्ट्रिय लघु, साना तथा मझौला व्यवसाय दिवस तथा हाटबजार २५औं हप्तामा प्रवेश गरेको अवसर पारेर आफ्नो हाटबजारमा विशेष मेला आयोजना गरेको थियो । 'उद्यमीका उत्पादन, ग्लोबल आईएमईको प्रोत्साहन' भन्ने नारा आत्मसाथ गर्दै बैंकले आफ्नो लगानीमा सञ्चालित लघु, साना तथा मझौला उद्यमीले गरेका उत्पादनलाई बजारसम्मको पहुँच विस्तार गराउने उद्देश्यले बैंकको काठमाडौं कमलादी शाखामा हरेक शुक्रबार हाटबजार सञ्चालन गर्दै आएको छ ।

अन्तर्राष्ट्रिय लघु, साना तथा मझौला व्यवसाय दिवस तथा हाटबजारको २५औं हप्ता प्रवेशका अवसरमा आयोजित कार्यक्रममा बोल्दै बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीले मुलुकको अर्थतन्त्रमा लघु, साना तथा मझौला व्यवसायको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै हाटबजारले त्यस्ता उद्यम-व्यवसाय प्रवर्द्धनमा विशेष योगदान पुऱ्याउने बताए ।

उनले हाटबजारले दिगो तथा हरित अर्थतन्त्र निर्माणमा योगदान पुऱ्याइरहेका लघु, साना तथा मझौला उद्यमको बजारमा पहुँच विस्तार गर्न, कृषक र उपभोक्ताबीच प्रत्यक्ष सम्बन्ध बनाउन र कृषकलाई आफ्नो उत्पादनको उचित मूल्य प्रदान गर्न सहयोगी भूमिका खेलेको बताए । साथै, उनले हाटबजारले अर्गानिक, रैथाने तथा स्थानीय उत्पादन प्रोत्साहित गर्दै बजारीकरण गर्न सहजीकरण गर्ने र नेपाली उत्पादकलाई हौसला प्रदान गरेको बताए ।

# नेपाल एसबिआई मर्चेण्टको सीईओमा भण्डारी



**काठमाडौं/मस** – नेपाल एसबिआई मर्चेण्ट बैंकिङ लिमिटेडको प्रबन्ध सञ्चालक एवं प्रमुख कार्यकारी अधिकृतमा सन्तोषकुमार भण्डारी नियुक्त भएका छन् । बैंकको असार १३ गते बसेको सञ्चालक समितिको बैठकले कम्पनीको प्रबन्ध सञ्चालक एवं प्रमुख कार्यकारी अधिकृतको पदमा भण्डारीलाई नियुक्त गरेको हो ।

यसअघि भण्डारीले नेपाल एसबिआई बैंकको सुदूरपश्चिम प्रदेश कार्यालय प्रमुख, वित्त तथा योजना विभाग प्रमुख, लेखा परीक्षण विभाग अधिकृतको जिम्मेवारीमा थिए । बैंकिङ तथा वित्तीय क्षेत्रमा १६ वर्ष भन्दा बढीको कार्य अनुभव सँगालेका उनलाई स्रोत तथा साधनको उच्चतम् परिचालन तथा व्यवस्थापन गर्न सक्ने एक कुशल नेतृत्व मानिन्छ ।

## विराटनगरमा कियाको शोरुम




**काठमाडौं/मस** – नेपालका लागि विश्व प्रसिद्ध दक्षिण कोरियाली अटोमोबाइल कम्पनी 'किया' का अधिकृत विक्रेता कन्टिनेन्टल ट्रेडिङ इन्टरप्राइजेज प्रालिले विराटनगरमा शोरुम सञ्चालनमा ल्याएको छ । कम्पनीले नयाँ 'किया सीआई २.०' मापदण्ड अनुसार अपडेटेड शोरुम खोलेको हो ।

कन्टिनेन्टल ट्रेडिङ इन्टरप्राइजेज प्रालिको सञ्चालन अन्तर्गत यो नयाँ सोरुममा विश्वविख्यात दक्षिण कोरियाली अटो ब्रान्ड कियाका नेपालमा उपलब्ध सबै भेरियन्टका इन्धन र विद्युतीय सवारीसाधन उपलब्ध हुने जनाएको छ । शोरुम सुरु गरेको उपलक्ष्यमा कम्पनीले तीनदिने फ्ल्यास एक्सचेन्ज क्याम्प पनि आयोजना गर्न लागेको छ ।

असार १४ देखि १६ सम्म (जुन २८ देखि ३० सम्म) चल्ने 'किया फ्लाश एक्सचेन्ज क्याम्प' मा जुनसुकै पुराना गाडीसँग कियाका नयाँ गाडी साट्न सकिनेछ । सो अवसरमा एक्सचेन्जका लागि ल्याइने पुराना गाडीलाई आकर्षक मूल्य प्रदान गरिने कम्पनीले जनाएको छ ।

# यामाहा नेपालद्वारा गोंगबुमा नयाँ शोरुमको उद्घाटन




**काठमाडौं/मस** – यामाहा नेपालले काठमाडौंको गोंगबुमा नयाँ थ्री एस फ्यासिलिटी (सेल्स, सर्भिस र स्पेयर पार्ट्स) भएको शोरुम 'मोटो क्राफ्ट्स प्रालि' को उद्घाटन गरेको छ । प्रमुख अतिथि, टोखा नगरपालिकाका मेयर प्रकाश अधिकारी एवम् विशेष अतिथिहरू एमएडब्ल्यू ग्रुप अफ कम्पनीजका समूह निर्देशक गोपाल कुमार अग्रवाल र एमएडब्ल्यू राइड्स प्रालिका कार्यकारी निर्देशक तथा सीईओ दीपक कुमार अग्रवालको उपस्थितिमा शोरुमको औपचारिक उद्घाटन गरिएको थियो ।

नयाँ शोरुममार्फत् आधुनिक पूर्वाधार र दक्ष टिम सहितको मोटो क्राफ्ट्स प्रालिले अब यामाहाको विश्वसनीय अनुभव एकै छानामुनि उपलब्ध गराउने जनाइएको छ । जहाँ ग्राहकहरूले विस्तृत सेल्स कन्सल्टेसन र भरपर्दो आफ्टर सेल्स सर्भिस लिन र सक्कली स्पेयर पार्ट्सहरू एकै स्थानमा पाउन सक्नेछन् ।


**नेपाल सरकार**
**गृह मन्त्रालय**
## जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर
### जग्गा प्राप्ति सम्बन्धी सात (७) दिने सूचना
**(प्रथम पटक प्रकाशित मिति : २०८२/०२/१३)**

जिल्ला कञ्चनपुर, पुर्नवास नगरपालिका वडा नं. ४ मा फोहर नै मोहर कार्यक्रम सञ्चालन गर्नका लागि पुनर्वास नगर पालिकाको नाममा तपसिल बमेजिमको जग्गा प्राप्त गर्नुपर्ने भएकोले जग्गा प्राप्ति ऐन २०३४ को दफा ९ बमोजिम सात(७) दिने सूचना प्रकाशन गरिएको छ । सरोकारवाला व्यक्तिले मुआब्जा दाबी गर्न आ- आफ्नो हकदैया वा भोगचलन सम्बन्धी निस्सा प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्न जानकारी गराइन्छ । सो जग्गामा घर, टहरा, गोठ, पर्खाल,रुख, बिरुवा आदि भएमा सो समेत खुलाई साथै कुनै कारणवश जग्गा सम्बन्धी विवरण फरक पर्न गएको खण्डमा सबुत प्रमाण समेत पेश गरी हकदाबी गर्न जानकारी गराइन्छ । आफ्नो जग्गा प्राप्त नगर्नुपर्ने कुनै कारण भए त्यसको कारण खोली सम्बन्धित जग्गावालाले बाटोको म्याद बाहेक सात (७) दिन भित्र यस कार्यालय मार्फत नेपाल सरकार गृह मन्त्रालयमा उजुर गर्न सक्नेछ ।

**तपशिल**

| सि. नं. | गा.वि.स/ नगरपालिका | वडा नं. | कित्ता नं. | जग्गा धनीको विवरण | | | | क्षेत्रफल | जग्गा अधिग्रहण गरिने क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | नाम | बाबुको नाम | बाजेको नाम | ठेगाना | | |
| १ | पुर्नवास नगर पालिका | ४ | १०१७ | रमेश घिमिरे | शिव कुमार घिमिरे | चन्द्र प्रसाद घिमिरे | धनगढी उपमहानगर पालिका वडा नं. ३ | ६८२० वर्ग मिटर | ६८२० वर्ग मिट |
| २ | पुर्नवास नगर पालिका | ४ | १०८७ | भिम दत्त पाण्डेय | विष्णु दत्त पाण्डेय | देव दत्त पाण्डेय | शुक्लाफाँटा नगर पालिका वडा नं. ५ | ३४३३.३७ वर्गमिटर | ३४३३.३७ वर्गमिटर |



## Infrastructure Development Directorate
**Birendranagar, Surkhet**
### Letter of Intent (LOI)
**Date of Publication: 2082/03/14 (28th June, 2025)**

This is notify to all concerned bidders as per Section 27 (2) of PPA, 2063 that we are going to award following contract as per **IFB No: 10-081/082**, published on **Himalaya Times National Daily**, dated **2082/01/12**, to following bidder selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion. If no bidder makes an application pursuant to Section 47 within the period of seven days form this notice published date. Bid of the bidder selected pursuant to Section 27 (1) shall be accepted for the provision of Section 27 (3) of PPA, 2063.

| S. N. | Contract Title/ Contract ID Number | Name & Address of Substainlly Reponsive Bidder | Bid Price (with VAT& PS) NRs. |
|---|---|---|---|
| 1 | IDD/SKT/W/ NCB/56/-081-082, Construction of Tikhakuna Khola Motorable Bridge, Panchapuri-5, Surkhet | Yeti Builders Pvt.Ltd., Satdobato - 8, Lalitpur | 5,13,35,949.70 |



## शेयर उपर हकदाबीको सूचना

यस बैंकमा तपसिलमा उल्लेखित व्यक्तिले निम्न लिखित विवरण अनुसार यस बैंकको सक्कल प्रति शेयर प्रमाणपत्र हराएको र प्रतिलिपि शेयर प्रमाणपत्र जारी गरि पाउँ भनी बैंकमा निवेदन दिनुभएकोले उल्लेखित शेयरमा निवेदक बाहेक अन्य कसैको हकदाबी लाग्ने भएमा सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र माछापुच्छ्रे क्यापिटल लिमिटेडको सुन्धारास्थित बाघ दरबार जे.डि.ए. कम्प्लेक्स स्थित माछापुच्छ्रे बैंक लि. को शेयर विभागमा आधिकारिक कागजात सहित हकदाबी गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र हकदाबी नभएमा निवेदकको माग बमोजिम भैजाने व्यहोरा समेत सुचित गरिन्छ ।

**तपसिल**

| क्र.सं. | निवेदकको नाम र ठेगाना | शेयर प्रमाणपत्र नम्बर | शेयर धनी नं. | जम्मा कित्ता |
|---|---|---|---|---|
| १. | राजन लाल श्रेष्ठ<br>काठमाडौं जिल्ला, वडा नं. १४, रविभवन | ७६,५७१ | ३०२५६ | ५८७१ |

**माछापुच्छ्रे बैंक**
सबल, उत्कृष्ट एवं विस्तारित
केन्द्रीय कार्यालय, लाजिम्पाट



## कतारमा रोजगार
कम्पनी : FLOREDUDE FLOWERS GALLERY शहर : QATAR,DOHA
पूर्व स्वीकृत मितिः २०८१/०३/२८ चलानी नं.: ६०२२२१७० LT. No.: 307460 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Casher | 1 | 0 | स. काममा दक्ष | 1900 | ७१,३२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार २१ गते (5 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Om International Human Resources Pvt. Ltd.**
Lic No.: 1437/074/075, Basundhara, Kathmandu, Nepal, Tel : 01-4963646, 4980145
Mobile No: 9813995098, 9851003367.

## कतारमा रोजगार
कम्पनी : CONDOR BUILDING CONTRACTING शहर: DOHA
पूर्व स्वीकृत मितिः २०८०/१०/२९ चलानी नं.: ६०२१४८५६ LT. No.: 299913 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Reinforce Fitter | 31 | 0 | स. काममा दक्ष | 1400 | ५२,५५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार २१ गते (5 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि.**
श्रम इजाजत पत्र नं. ७१२/०६४/०६५
बत्तिसपुतली-९, काठमाडौं, फोन नं. ०१-४५६५३९४, ९८२३३२३५७७, E-mail: threebrothershrrec@gmail.com

## साउदीमा रोजगार
कम्पनी: Diwaniyah Al-Deera Restaurant for Providing meals Est. शहर: DAMMAM
पूर्व स्वीकृत मितिः २०८२/०३/०९ चलानी नं.: ६०२४०२३१ L.T. No.:326052

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 8 | 0 | स. काममा दक्ष | 1500 | ५४,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ असार २१ गते (5 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Superb Solutions Pvt. Ltd.**
कालिमाटी डोल, एयरपोर्ट, काठमाडौं, फोन : ४४६१२४३, ४४९५१८
Govt Lic. No. 264/058/059
Email: info@superbsolutions.com.np, Website: www.superbsolutions.com.np
Mobile: 9851324654 | 9811837449 | 9746504113 | 9851077524

## यूएईमा रोजगार
कम्पनी: ALMUTHALATH ALSHARQI SECURITY GUARD SERVICES - SOLE PROPRIETORSHIP L.L.C. शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०८/१० चलानी नं.: ६०२२८६४९ LT. No.:314263 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 41 | 14 | स. काममा दक्ष | 2000 | ७४,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार २१ गते (5 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SKILLS GROUP H.R. RECRUITMENT PVT.LTD**
Govt Lic. No. 1686/080/081
P.O. Box: 8233, Basundhara-03, Kathmandu, Nepal
Tel: 01-5920160 | Email: info@skillgrouphr.com.np

## साउदीमा रोजगार
कम्पनी: SHAWAMER CONTRACTING EST शहर: Riyadh
पूर्व स्वीकृत मितिः २०८२/०३/१३ चलानी नं.: ६०२४०२२२ LT. No.: : 326279

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Workshop Worker | 5 | 0 | स. काममा दक्ष | 1000 | ३६,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार २१ गते (5 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**PRINCE INTERNATIONAL EMPLOYMENT SERVICE PVT. LTD.**
Govt. Lic. No. 435/060/061
Samakhusi- 26, Kathmandu, Nepal. Tel.: +977- 01-43876550, Mobile No: 9851078710, 9808735410, 9843465784, Email: employmentprince@gmail.com, website: www.employmentprince.com.np.

मध्यान्ह
www.madhyanhadaily.com
गो.हु.का.द.नं. ३३/०६९/०७०
१४ असार २०८२ शनिबार
28 June 2025, Saturday

# २५ दिनमा सकियो 'द ब्ल्यू लाइट'को छायांकन



**काठमाडौं/मस–** साइकोलोजिकल थ्रिलर जनरामा निर्माण भएको चलचित्र 'द ब्ल्यू लाइट'को इन्डकल्याप भएको छ। जेठ २२ गतेबाट छायाकंन सुरु गरेर उपत्यकाभित्रका विभिन्न स्थानमा खिचिएको चलचित्रको छायाकंन २५ दिनमा सम्पन्न भएको हो।

'द ब्ल्यू लाइट'लाई बलिराम चौहानले निर्देशन गरेका हुन्। प्रतिक्षित चलचित्र 'बलिदान'को लेखक तथा मुख्य सहायक निर्देशक समेत रहेका चौहानकोको यो डेब्यु सिनेमा हो। स्काइफल पिक्चर्सको प्रस्तुति रहेको चलचित्र 'द ब्ल्यू लाइट'को प्रमुख भूमिकामा बेनिशा हमाल, अर्पण थापा, महेश त्रिपाठी, आयुसमान देशराज जोशी, सृष्टि श्रेष्ठ, सुरक्षा इटानी छन्। चलचित्रको बाल कलाकारमा ग्रिसमा कटुवाल र सहारा शर्मा छन्।

यो चलचित्रको थिम पोस्टर र फस्टलुक पोस्टर पहिल्यै सार्वजनिक भइसकेका छन्। थिम पोस्टरमा निलो रङले घेरिएको वातावरणबीच एक बालिका उभिएकी थिइन्। जसमा बालिकाको कम्मरदेखि माथिसम्मको भाग देखाइएको थियो। उनको जुङरुङ्ग कपाल तथा विछिप्त मुद्राबाट चलचित्रको रहस्यमय तथा मनोवैज्ञानिक पृष्ठभूमि झल्किन्छ।

यस्तै, छायाकंनकै क्रममा सार्वजनिक गरिएको पोस्टरमा सिनेमाकी मुख्य कलाकारमध्ये एक बेनिशा हमाल थिइन्। उक्त पोस्टरमा उनलाई बारमा देखाइएको छ। जहाँ औंलामा चुरोट च्यापेर बसेकी उनी तनावमा देखिएकी थिइन्।

निर्माणपक्षले कलाकारको भूमिका र चलचित्रको कथाबारे प्रष्ट पारेको छैन। निर्देशक चौहानले विस्तारै खुलाउँदै जाने बताएका छन्।

'हामीले जे बनाउन खोजेका थियौं, त्यसका लागि सफल भयौं। अब पोस्ट-प्रडक्सनको काम अघि बढ्छ,' निर्देशक चौहानले भने, 'कालाकारहरुको काम कथालाई जीवन्त बनाएको छ, हामी उत्साहित छौं। दर्शकलाई हामीले राम्रो सिनेमा देखाउने छौं।'

'द ब्ल्यू लाइट'को को-प्रोडुसरको रुपमा रमन ग्रे रहनेछन्। कार्यकारी निर्माताामा भने छायाकार नरेन्द्र मैनाली र नायिका बेनिशा हमाल रहनेछन्। चलचित्रको छायांकन मैनालीले नै गरेका हुन्। आकाश उखेडा मुख्य सहायक निर्देशक रहेको चलचित्रमा रेलिजा श्रेष्ठ प्रोडक्सन डिजाइनर, दिलीप पन्त निर्माण नियन्त्रक रहेका छन्। 'द ब्ल्यू लाइट' सन् २०२५ भित्रै रिलिज हुने निर्देशक चौहानले बताएका छन्।

### धनकुटामा साहित्य क्षेत्रमा नयाँ अभ्यास

# चियासँग कविताको २०औं श्रृंखला सम्पन्न

**धनकुटा/मस–** पछिल्लो समय धनकुटामा साहित्यिक गतिविधि उल्लेखनीयरुपमा फस्टाउँदै गएको छ। स्थानीय साहित्यिक परिवेश समृद्ध बनाउने उद्देश्यले धनकुटामा सक्रिय साहित्यकर्मीहरू विभिन्न कार्यक्रममार्फत उत्साहित देखिएका छन्।



साहित्यिक गतिविधिको क्रममा गत फागुन २ गतेदेखि सुरु भएको साप्ताहिक श्रृंखला 'चियासँग कविता'ले युवादेखि विद्यार्थीसम्मको ध्यान खिच्न थालेको छ। पछिल्लो समय यो कार्यक्रम धनकुटामा परिचर्चा र चर्चाको केन्द्र बनेको छ। कार्यक्रममा नयाँ र पुराना सर्जकहरूको आकर्षण बढ्दै गएको छ भने विद्यार्थी तथा विभिन्न क्षेत्रका व्यक्तित्वहरूको सक्रिय सहभागिता पनि उल्लेखनीय रहँदै आएको छ।

'चियासँग कविता'को हालै सम्पन्न २०औं श्रृंखलासम्म आइपुग्दा झण्डै १ सय ७५ भन्दा बढी सिर्जनाहरू वाचन भइसकेका छन्। कार्यक्रमले धनकुटामा चार पुस्ताका स्रष्टाहरूबीच जम्काभेट गराएको छ। हजुरबुबादेखि नातिसम्मले एउटै मञ्चमा आ-आफ्ना सिर्जना वाचन गर्दै आएका छन्, साथै एक-आपसमा साहित्यिक छलफल समेत गर्दै आएका छन्।

धनकुटाकै पहिलो सामुदायिक रेडियो 'धनकुटा एफएम'को संयोजनमा सञ्चालन भइरहेको 'चियासँग कविता'को २०औं श्रृंखला शुक्रबार सम्पन्न भएको हो। कार्यक्रममा दुई दर्जनभन्दा बढी नयाँ र पुराना सर्जकहरूले आ-आफ्ना सिर्जनाहरू प्रस्तुत गरेका थिए। कविहरूले सिर्जनामार्फत समाजको यथार्थ, राजनीतिक परिवेश र प्रेम-मायाका विषयहरूलाई प्रस्तुत गरेका थिए।

२०औं श्रृंखलामा सर्जकहरू जेपी भुजेल, भीम राई, नेहा राई, रेखा क्षेत्री, गोपाल बराइली, सन्जय सन्तोषी राई, नरेन्द्र कस्चित, रमेशचन्द्र अधिकारी, दृष्टि श्रेष्ठ लगायतले आफ्ना कविता वाचन गरे। कार्यक्रममा १० वर्षीय रिजन लिम्बूले समेत आफ्ना सिर्जना सुनाएका थिए भने चन्द्रकला धमलाले गीत प्रस्तुत गरेकी थिइन्। कार्यक्रम संयोजक गोपाल बराइलीका अनुसार 'चियासँग कविता' नयाँ र पुराना पुस्ताका सर्जकहरूलाई एउटै मञ्चमा ल्याउने उद्देश्यले सुरु गरिएको हो। उनले धनकुटाको साहित्यिक विकासमा कार्यक्रमले सशक्त योगदान गरिरहेको जानकारी दिए।




प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**